**नेपालको संविधान, २०७२ को दफा २७ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ अनुसार परराष्ट्र मन्त्रालयको देहायबमोजिम सूचना स्वतः प्रकाशन (Proactive Disclosure) गरिएको छ ।**

## १) परराष्ट्र मन्त्रालयको स्वरूप र प्रकृतिः

आधुनिक नेपालको एकीकरणसँगै राजा पृथ्वीनारायण शाहका पालामा तत्कालिन तिब्बत तथा चीनसँगको वैदेशिक सम्बन्ध सञ्चालनका लागि स्थापित जैसी कोठा नेपालको हालको परराष्ट्र मन्त्रालयको प्रारम्भिक रूप हो । त्यसपछि क्रमशः मुन्सीखाना तथा विदेश विभागका नाममा आफ्ना कार्यहरू सञ्चालन गर्दै आएकोमा वि. सं. २००८ (सन् १९५१) मा परराष्ट्र मन्त्रालयको स्थापना भयो । नेपालको संविधान, २०७२ को राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा नेपालको परराष्ट्र नीति सञ्चालन सम्बन्धमा स्पष्ट मार्गदर्शन भएको छ । हाल यस मन्त्रालयअन्तर्गत १० महाशाखा, २ विभाग, एक सम्पर्क कार्यालय, ३० राजदूतावास, ३ स्थायी नियोग र ७ कन्सुलेट जनरल रहेका छन् । यिनै निकायहरूमार्फत र आफैं यस मन्त्रालयले आफ्नो भूमिका र कार्यहरू सम्पादन गर्दै आएको छ ।

**क) महाशाखाहरूः**

१. दक्षिण एसिया महाशाखा
२. उत्तरपूर्व एसिया महाशाखा
३. दक्षिणपूर्व एसिया तथा प्रशान्त महाशाखा
४. मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखा
५. युरोप तथा अमेरिका महाशाखा
६. क्षेत्रीय सङ्गठन महाशाखा
७. संयुक्त राष्ट्रसङ्घ, अन्तर्राष्ट्रिय सङ्घ सङ्गठन तथा अन्तर्राष्ट्रिय कानून महाशाखा
८. नीति, योजना, विकास कूटनीति तथा विदेशमा रहेका नेपालीसम्बन्धी महाशाखा
९. प्रोटोकल महाशाखा
१०. सामान्य प्रशासन महाशाखा

**ख) विभागहरूः**

१. राहदानी विभाग
२. कन्सुलर सेवा विभाग

**ग) सम्पर्क कार्यालयः**

१. सम्पर्क कार्यालय, वीरगञ्ज

**घ) विदेशस्थित कूटनीतिक नियोगहरूः**

१. नेपाली राजदूतावासः ३०
२. स्थायी नियोगः ३

३. नेपाली कन्सुलेट जनरलः ७


**२) परराष्ट्र मन्त्रालयको काम, कर्तव्य र अधिकारः**

नेपाल सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०७४ मा परराष्ट्र मन्त्रालयको कार्यक्षेत्र देहायबमोजिम उल्लेख भएको छः

१. नेपालको परराष्ट्र नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र मूल्याङ्कन;
२. विदेशी राष्ट्रहरू तथा संयुक्त राष्ट्रसङ्घ लगायतका अन्तर्राष्ट्रिय, क्षेत्रीय सङ्गठनहरूसँगको सम्बन्ध;
३. नेपालस्थित विदेशी नियोगहरूसँग सम्बन्ध, समन्वय एवम् विदेशमा नेपालको कूटनीतिक प्रतिनिधित्व;
४. नेपालको अन्तर्राष्ट्रिय सीमा- सम्बन्ध;
५. विदेशमा नेपालको प्रतिनिधित्व;
६. अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा अभिवृद्धि;
७. नेपाल तथा अन्य देशका नागरिकको आ-आफ्नो सरकारबाट व्यक्तिमाथिको दाबा;
८. कन्सुलर प्राक्टिस र कन्सुलर सेवा;
९. विदेशमा रहेका नेपाली नागरिकहरूको अभिलेख तथा तिनीहरूको हक, हित, उद्धार र संरक्षण;
१०. अतिथि सत्कार, शिष्टाचार र ओहदाको प्रमाणपत्र;
११. अधिकारपत्र (क्रेडेन्सियल);
१२. आर्थिक तथा विकास कूटनीति;
१३. विदेशी राज्य र कूटनीतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति;
१४. गैरआवासीय नेपाली;
१५. परराष्ट्र मामिला सम्बन्धमा प्रदेशहरूसँग सम्पर्क र समन्वय;
१६. कूटनीतिक आचारसंहिता;
१७. अन्तर्राष्ट्रिय तहमा जनस्तरीय एवम् गैरसरकारी संस्थास्तरीय सम्बन्धको विकास;
१८. राहदानी, विदेशमा दिइने भिसा;
१९. कूटनीतिक तहमा हुने वार्ता, सम्झौता र सन्धि;
२०. विषयगत मन्त्रालयबाट हुने वार्ता, सम्झौता, सन्धि, समझदारीमा सहमति र समन्वय;
२१. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;
२२. नेपाल परराष्ट्र सेवाको सञ्चालन ।

## ३) परराष्ट्र मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्यविवरण:

### सङ्गठन संरचना:




### कार्यविवरण:

#### क) परराष्ट्र मन्त्रीको सचिवालयको कार्यविवरण:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त हुन आएका मन्त्रिपरिषद्का प्रस्ताव तथा निर्णयहरू व्यवस्थित गरी माननीय मन्त्रीज्यूसमक्ष पेश गर्ने ।

२. सचिवबाट माननीय मन्त्रीज्यूसमक्ष पेश हुने फाइलहरू व्यवस्थित गरी माननीय मन्त्रीज्यूसमक्ष पेश गर्ने ।

३. माननीय मन्त्रीज्यूको दैनिक कार्यक्रम तयारी गर्नुको साथै कार्यालयमा हुने बैठकहरूको अग्रिम तयारी गर्ने ।

४. माननीय मन्त्रीज्यू उपस्थित हुनुपर्ने सभा, सम्मेलन, बैठक, गोष्ठी, कार्यशालाको टिपोट बनाई मिति, समयसहितको विवरण जानकारी गराउने र निर्धारित मिति र समयमा पुनःस्मरण गराउने व्यवस्था गर्ने ।

५. माननीय मन्त्रीज्यूलाई भेटघाट गर्न आउनुहुने राजदूत, नियोगप्रमुख, विदेशी राजदूत तथा विभिन्न निकायहरूका प्रतिनिधि तथा पदाधिकारीहरूलाई भेटघाटको कार्यक्रम मिलाउने ।

६. माननीय मन्त्रीज्यूको कार्यकक्षमा भएको बैठकको माइन्यूट तयार गर्ने र भएको निर्णय कार्यान्वयनका लागि जानकारी गराउने ।

७. निर्दिष्ट अन्य कार्य गर्ने ।

**ख) परराष्ट्र सचिवको कार्यालयको कार्यविवरण:**

१. कार्यविभाजन नियमावलीअनुसार मन्त्रालयसम्बन्धी कार्यहरू सम्पादन गर्न आवश्यक नीति, नियम, योजनाहरू तर्जुमा गरी रायसाथ नेपाल सरकारमा सुझाव पेश गर्ने ।

२. नेपाल सरकारबाट स्वीकृत परराष्ट्र नीति, नियम, योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने र अनुगमन गर्ने ।

३. काठमाडौंस्थित विदेशी राजदूत तथा अन्य अन्तर्राष्ट्रिय सङ्घसंस्थाका आवासीय प्रतिनिधिहरूसँगको निरन्तर सम्पर्कबाट द्विपक्षीय एवम् बहुपक्षीय सम्बन्ध विस्तार गर्ने, गराउने ।

४. विदेशी कूटनीतिक नियोग तथा नेपालस्थित अन्तर्राष्ट्रिय सङ्घसंस्थालाई पर्ने कठिनाइहरूको निवारण गर्ने, गराउने ।

५. नेपाल सरकारको निर्णयको लागि विभागीय मन्त्रीबाट स्वीकृत विभिन्न विषयसम्बन्धी प्रस्ताव निर्णयार्थ मन्त्रिपरिषद्मा पेश गर्ने ।

६. नेपाल सरकारका विभिन्न मन्त्रालयहरू, सङ्घसंस्थाहरू र परराष्ट्र मन्त्रालयबीच समन्वय गर्ने ।

७. सुशासन ऐन, कानुन र नियमावलीअनुसार तोकिएका कार्यहरू सम्पादन गर्ने ।

८. माननीय परराष्ट्रमन्त्रीबाट अधिकार प्रत्यायोजन भएबमोजिम गर्नुपर्ने कार्यहरू सम्पन्न गर्ने ।

९. मन्त्रालयको दैनिक प्रशासन सञ्चालन गर्ने, गराउने ।

१०. मातहतका पदाधिकारीहरूलाई आवश्यक निर्देशन एवम् सुपरिवेक्षण गर्ने ।

११. नेपाल सरकारले लगाएका अन्य कार्यहरू गर्ने ।

**ग) महाशाखाहरूको कार्यविवरण:**

**१. सामान्य प्रशासन महाशाखा**

१. नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा उल्लेख भएबमोजिम नेपाल परराष्ट्र सेवाको सञ्चालन गर्ने ।

२. विदेशस्थित नेपाली नियोगहरूमा खटिई जाने राजदूतलगायतका पदाधिकारीहरूको नियुक्ति, काज, बिदा, कार्यविवरण, कार्यसम्पादन मूल्याङ्कनलगायतका कार्य गर्ने ।

३. मन्त्रालय र अन्तर्गतका निकायहरूमा रिक्त पदमा पदपूर्ति, सरुवा (आन्तरिक तथा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूमा समेत), बढुवा, काज, बिदा, निवृत्तिभरण, विभागीय कारबाही, अवकाश तथा सेवाका अन्य शर्तसम्बन्धी कार्यहरू गर्ने ।

४. कर्मचारीको गुनासो व्यवस्थापनसम्बन्धी कार्य गर्ने ।

५. मन्त्रालय र अन्तर्गतका निकायहरूबीच समन्वय, कार्यसम्पादनको मूल्याङ्कन र सुपरीवेक्षण गर्ने ।

६. मन्त्रालय र अन्तर्गतका निकायहरूको कार्यसम्पादनमा चुस्तता, व्यवस्थित जनसम्पर्क तथा सेवा प्रवाहमा प्रभावकारिताको माध्यमबाट सुशासन कायम गर्ने ।

७. कर्मचारीको कार्यक्षमता अभिवृद्धिको लागि सेवाकालीन र वैदेशिक तालीमको पहिचान गरी आवश्यक तालीम उपलब्ध गराउने व्यवस्था गर्ने।

८. परराष्ट्र सेवा सञ्चालनसम्बन्धी योजना, नीति, ऐन, नियम र कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन गर्ने।
९. कर्मचारीको व्यक्तिगत अभिलेख अद्यावधिक गर्ने।
१०. मन्त्रालय र अन्तर्गतका निकायहरूको मौजुदा सङ्गठन संरचना, दरबन्दी, कार्यबोझबीच सन्तुलन कायम गर्न समयसमयमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey) गर्ने ।
११. मन्त्रालयको समग्र कामको प्रतिवेदन तयार गर्ने र आवश्यकताअनुसार विदेशस्थित नेपाली नियोगहरूलाई उपलब्ध गराउने ।
१२. राष्ट्रिय दृष्टिकोणले महत्त्वपूर्ण राजनीतिक, आर्थिक, सामाजिक एवम् अन्य गतिविधिहरूबारे सूचना सङ्कलन र सम्पादन गरी विदेशस्थित नेपाली नियोगहरूलाई पृष्ठपोषण गर्ने ।
१३. कूटनीतिक थैली, डिप्लोम्याटिक कार्गो आदि प्राप्ति र चलानीसम्बन्धी सम्पूर्ण कार्य गर्ने ।
१४. विदेशस्थित नेपाली नियोगहरूको सम्पत्ति खरिदसम्बन्धी दीर्घकालीन योजना बनाउने ।
१५. वार्षिक रूपमा नेपाली नियोगहरूको सम्पत्ति खरिद गर्ने ।
१६. मन्त्रालय र अन्तर्गतका निकायहरूको चल-अचल सम्पत्ति खरिद, संरक्षण, संवर्द्धन र अभिलेख व्यवस्थापनको कार्य गर्ने/गराउने ।
१७. जिन्सी व्यवस्थापन र निरीक्षणसम्बन्धी कार्य गर्ने ।
१८. मन्त्रालयको वेबसाइट तथा इन्टरनेट सुचारू तवरले सञ्चालनको व्यवस्था मिलाउने ।
१९. मन्त्रालय तथा विदेशस्थित नेपाली नियोगका लागि वार्षिक बजेट तर्जुमा गर्ने र रकम निकासाको व्यवस्था तथा अन्य आर्थिक विवरण तयार गरी केन्द्रीय लेखा राख्ने कार्य गर्ने ।
२०. मन्त्रालय तथा विदेशस्थित नेपाली नियोगको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने र बेरुजु लगत तयार पार्ने ।
२१. कर्मचारीको पेश्की, बेरुजुका साथै मन्त्रालय तथा विदेशस्थित नेपाली नियोगको बेरुजुसमेत फछ्र्यौट वा असुल उपर गर्ने गराउने ।
२२. आर्थिक प्रशासनसम्बन्धी ऐन, नियम तथा लेखा राख्ने सम्बन्धमा विदेशस्थित नेपाली नियोगहरूलाई आवश्यक निर्देशन एवम् सल्लाह दिने ।
२३. कर्मचारी प्रशासन, नियोग प्रशासन र आर्थिक प्रशासनसम्बन्धी अन्य कार्य गर्ने ।
२४. सेवाका लागि आवश्यक जनशक्तिको अनुमान, वृत्तिविकासका कार्यहरू गर्ने ।
२५. सेवाका लागि जनशक्तिलाई आवश्यक अध्ययन, तालीम, वैदेशिक भाषा तालीम गराउने ।
२६. सेवाका लागि आवश्यक तालीमका लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउने ।
२७. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको फोकल प्वाइन्टको रूपमा कार्य गर्ने । राष्ट्रिय सतर्कता केन्द्रसँग सम्बन्धित विषयमा फोकल प्वाइन्टको रूपमा कार्य गर्ने ।
२८. हेलो सरकार तथा सूचना अधिकारीसम्बन्धी कार्य ।
२९. अड्डा अदालतमा परराष्ट्र मन्त्रालयविरुद्ध परेका मुद्दाहरूको नेपाल सरकारका तर्फबाट प्रतिरक्षा ।
३०. सार्वजनिक खरिद ऐन एवम् नियमावलीबमोजिम मन्त्रालय एवम् नियोगलाई नियमित रूपमा मालसामान, वस्तु आपूर्ति तथा वितरण।
३१. मन्त्रालयको टेलिफोन, फ्याक्स, इमेल, वेबसाइटको व्यवस्थापन र सञ्चालन गर्ने ।
३२. अन्य महाशाखाहरूलाई नतोकिएको कार्य गर्ने ।

## २. दक्षिण एसिया महाशाखा

१. महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका मुलुकहरूसँगको द्विपक्षीय राजनीतिक तथा कूटनीतिक सम्बन्ध विस्तार एवम् सुदृढीकरणसम्बन्धी कार्यहरू गर्ने ।

२. महाशाखाको कार्यक्षेत्रअन्तगर्तका मुलुकहरूसँगको आर्थिक, प्राविधिक, साँस्कृतिक र सामाजिक सहयोगसम्बन्धी कार्यहरू गर्ने ।

३. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देश र नेपालबीचको द्विपक्षीय सम्बन्धका बारेमा विवरण अद्यावधिक गर्ने।

४. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देशहरूको देशगत परिचय (Country Brief), द्विपक्षीय सम्बन्ध (Bilateral Relations) र तुलनात्मक तथ्याङ्कतालिका (Comparative Fact Sheet) तथा ती देशहरूमा घटेका महत्त्वपूर्ण घटनाहरूको नियमित अनुगमन गरी विश्लेषणसहित प्रतिवेदन तयार पार्ने कार्य गर्ने ।

५. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका विषयमा आवश्यकतानुसार भाषण, वक्तव्य, प्रेस विज्ञप्ति, वार्ताका बुँदाहरू (Talking Points), वार्ताको अभिलेख (Records of Talks) लगायतका दस्ताबेज तयार गर्ने ।

६. महाशाखाअन्तर्गतका मुलुकहरूसँगको द्विपक्षीय व्यापार, संयुक्त लगानी र पारवहनसम्बन्धी आवश्यक कार्य सम्पादन गर्ने ।

७. महाशाखाअन्तर्गतका देशसँगको सम्बन्धका विविध आयामहरूलाई व्यवस्थित गर्न गठन गरिएका द्विपक्षीय परामर्श संयन्त्र (Bilateral Consultative Mechanisms) सम्बन्धी कार्यहरू गर्ने ।

८. बदलिँदो विश्व परिवेशमा नेपालले अख्तियार गर्नुपर्ने भारत नीतिको निर्माण, सञ्चालन तथा कार्यान्वयनका लागि अग्रणी भूमिका निर्वाह गर्ने ।

९. नेपाल-भारत सम्बन्ध विस्तार एवम् सुदृढीकरणका लागि सम्बन्धित सङ्घसंस्था, स्वदेशी तथा विदेशी बुद्धिजीवी तथा चिन्तन-समूह (Think Tank) हरूसँगको अन्तरक्रिया गराउने ।

१०. नेपालको आर्थिक विकासका लागि महाशाखाको कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूसँग वैदेशिक रोजगार, व्यापार, वैदेशिक लगानी, पर्यटनजस्ता उच्च प्रतिफलयुक्त क्षेत्रहरू पहिल्याउने र त्यसका लागि आवश्यक पर्ने द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय सन्धि, सम्झौता र समझदारीसम्बन्धी कार्यहरू गर्ने ।

११. आफ्नो कार्यक्षेत्रअन्तर्गतका देशमा रहेका नेपाली नियोगहरूसँग आवश्यक समन्वय गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको छविलाई अभिवृद्धि गर्ने तथा नेपालको हित प्रवर्द्धनको वातावरण सिर्जना गर्ने ।

१२. नेपाल सरकारका मन्त्रालयहरूबाट महाशाखा सम्बन्धित मुलुकहरू तथा निकायसँग हुने कार्यको समन्वय गर्ने ।

१३. नेपाल-भारत सीमानासम्बन्धी कार्यहरू गर्ने ।

१४. उच्चस्तरीय तथा सरकारीस्तरमा हुने भ्रमणका आदानप्रदानसम्बन्धी कार्यहरू सञ्चालन र सम्पादन गर्ने।

१५. महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका मुलुकहरूसँगको नेपालको परराष्ट्र नीति र कूटनीतिक सम्बन्ध एवम् कूटनीतिक उन्मुक्तिका विषयमा नेपाल सरकारका सम्बन्धित निकायहरूलाई आवश्यक परामर्श दिने ।

१६. लाइसेन्स तथा अनुमतिपत्र (Permit) सम्बन्धी कार्यहरू गर्ने ।

१७. महाशाखाअन्तर्गतका नेपाली नियोगहरूलाई आवश्यकता अनुरूप निर्देशन, सुझाव, सहयोग र सूचना उपलब्ध गराउने कार्य ।

१८. महाशाखाको कार्यक्षेत्रअन्तर्गत पर्ने नेपालमा राजदूतावास/नियोग नरहेका मुलुकका राजदूतावास/ कूटनीतिक नियोग नेपालमा स्थापना गर्न प्रयत्न गर्ने ।

१९. महाशाखाका कार्यक्षेत्रअन्तर्गत पर्ने नेपाली राजदूतावास/नियोग नभएका मुलुकहरूमा नेपाली राजदूतावास/ नियोग स्थापना गर्न पहल गर्ने ।

२०. महाशाखाअन्तर्गतका मुलुकहरूसँग जनस्तरको सम्बन्ध विकाससम्बन्धी कार्य गर्ने ।

२१. नेपाल, भारत हुँदै तेस्रो देशसम्म पहुँचका लागि पारवहन स्थापनासम्बन्धी कार्य गर्ने ।

२२. नेपाल-भारत ऊर्जासम्बन्धी कार्य गर्ने ।

## ३. उत्तरपूर्व एसिया महाशाखा

१. नेपालको निकट छिमेकी मित्रराष्ट्र चीन तथा महत्त्वपूर्ण द्विपक्षीय सहयोग गर्ने मित्रराष्ट्र जापानसँग सदियौँदेखि रहिआएको असल छिमेकीपनका साथै सहयोगात्मक र सौहार्दपूर्ण सम्बन्धलाई अझ प्रगाढ बनाउन प्रयत्न गर्ने।

२. महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका मुलुकहरू (चीन, जापान, प्रजातान्त्रिक जनगणतन्त्र कोरिया, गणतन्त्र कोरिया र मङ्गोलिया) सँगको द्विपक्षीय राजनीतिक तथा कूटनीतिक सम्बन्धसम्बन्धी कार्य गर्ने।

३. महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका राष्ट्रहरूसँग नेपालको परराष्ट्र नीतिको तर्जुमा तथा कार्यान्वयनसम्बन्धी कार्यहरू गर्ने।

४. महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका मुलुकहरूसँगको नेपालको परराष्ट्र र कूटनीतिक सम्बन्ध एवम् कूटनीतिक उन्मुक्तिका विषयमा नेपाल सरकारका सम्बन्धित निकायहरूलाई आवश्यक परामर्श दिने ।

५. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देशहरूको देशगत परिचय (Country Brief), द्विपक्षीय सम्बन्ध (Bilateral Relations) र तुलनात्मक तथ्याङ्कतालिका (Comparative Fact Sheet) तथा ती देशहरूमा घटेका महत्त्वपूर्ण घटनाहरूको नियमित अनुगमन गरी विश्लेषणसहित प्रतिवेदन तयार पार्ने ।

६. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका विषयमा भाषण, वक्तव्य, प्रेस विज्ञप्ति, वार्ताका बुँदाहरू (Talking Points) र वार्ताको अभिलेख (Records of Talks) लगायतका दस्ताबेज तयार गर्ने ।

७. आफ्नो कार्यक्षेत्रअन्तर्गतका देशमा रहेका नेपाली नियोगहरूसँग आवश्यक समन्वय गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको छविलाई अभिवृद्धि गर्ने तथा नेपालको हित प्रवर्द्धनको वातावरण सिर्जना गर्ने ।

८. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूसँगको आर्थिक, प्राविधिक, सांस्कृतिक र सामाजिक सहयोगसम्बन्धी कार्य गर्ने ।

९. नेपालले अख्तियार गर्दै आएको एक चीन नीतिलाई सरकारका प्रत्येक तहमा यथोचित रूपमा कार्यान्वयन गराउनका लागि सञ्चार तथा समन्वयसम्बन्धी कार्य गर्ने ।

१०. बदलिँदो विश्व परिवेशमा नेपालले अख्तियार गर्नुपर्ने चीन नीतिको निर्माण तथा कार्यान्वयनका लागि अग्रणी भूमिका निर्वाह गर्ने ।

११. नेपाल-चीन सम्बन्ध विस्तार एवम् सुदृढीकरणका लागि सम्बन्धित सङ्घसंस्था, स्वदेशी तथा विदेशी बुद्धिजीवी तथा बौद्धिकवर्ग (Think Tank) हरूसँगको अन्तरक्रिया गराउने ।

१२. नेपाल र महाशाखाको कार्यक्षेत्रअन्तगर्तका देशहरूबीच उच्चस्तरीय भ्रमणको आदानप्रदानलाई नियमित र व्यवस्थित गरी राष्ट्रिय हितमा प्रयोग गर्ने ।

१३. नेपाल सरकारका मन्त्रालयहरूबाट महाशाखा सम्बन्धित मुलुकहरू तथा निकायसँग सम्बन्धित कार्यहरूको समन्वय गर्ने।

१४. नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतबीचको ऐतिहासिक सम्बन्धलाई थप मजबुत बनाउन प्रयत्न गर्ने।

१५. नेपाल र चीनबीचको सीमा व्यवस्थापन (Border Management) र सीमा सुरक्षा (Border Security Management) लाई थप व्यवस्थित गर्ने ।

१६. सीमाका बासिन्दाको आर्थिक र सामाजिक स्तर सुधार गर्न आवश्यक पहल गर्ने ।

१७. चीन, हङकङ तथा मकाओमा रहेका नेपालीहरूको हकहित संरक्षणका सम्बन्धमा सम्बन्धित नियोगसँग आवश्यक समन्वय गर्ने ।

१८. चीनका विशेष प्रशासकीय क्षेत्रहरू हङकङ र मकाओ तथा नेपाली श्रमशक्तिका लागि आकर्षक रोजगारीको बजारको रूपमा रहेको गणतन्त्र कोरियामा थप रोजगारीका अवसरहरू पहिल्याउन प्रयत्न गर्ने।

१९. चीनको आर्थिक विकासका साथै अन्तर्राष्ट्रिय सम्बन्धमा यसले खेल्ने भूमिकालाई अध्ययन अनुसन्धान गरी अद्यावधिक प्रतिवेदन तयार गर्ने ।

२०. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देशहरूसँग स्थापित/स्थापना हुने द्विपक्षीय संयन्त्रसम्बन्धी कार्यहरू गर्ने।

२१. नेपालको आर्थिक विकासका लागि महाशाखाको कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूसँग वैदेशिक रोजगार, व्यापार, वैदेशिक लगानी, पर्यटनजस्ता उच्च प्रतिफलका क्षेत्र पहिल्याउने र त्यसका लागि आवश्यक पर्ने द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता र समझदारीसम्बन्धी कार्यहरू गर्ने ।

२२. महाशाखाअन्तर्गतका मुलुकहरूबाट नेपाललाई उपलब्ध हुने विभिन्न छात्रवृत्ति, तालीम जस्ता अवसरहरू प्राप्त गरी नेपाल सरकारका सम्बन्धित निकायहरूमा पठाउने र त्यस्ता अवसरहरूको समुचित उपयोगको व्यवस्था मिलाउने कार्य गर्ने ।

२३. महाशाखाअन्तर्गतका नियोगहरूले आफ्नो कार्यक्षेत्रमा बसोबास गर्ने, कामकाज गर्ने नेपालीहरूको हकहित र कल्याण अभिवृद्धि गर्ने कार्यहरू गर्ने ।

२४. नेपाल र महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देशहरूबीच जनस्तरको सम्बन्ध अभिवृद्धि गर्ने कार्यहरू गर्ने ।

२५. नेपालमा राजदूतावास/नियोग नरहेका महाशाखाको कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूका राजदूतावास/कूटनीतिक नियोग नेपालमा स्थापना गर्न पहल गर्ने ।

२६. नेपाली राजदूतावास/कूटनीतिक नियोग नभएका महाशाखाका कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूमा नेपाली राजदूतावास/कूटनीतिक नियोग स्थापना गराउन पहल गर्ने ।

२७. महाशाखाअन्तर्गत रहेका नेपाली नियोगहरूलाई आवश्यकताअनुरूप निर्देशन, सुझाव, सहयोग र सूचना उपलब्ध गराउने कार्य गर्ने ।

२८. महाशाखाअन्तर्गतका मुलुकहरूबाट नेपाल भ्रमणमा आउनुहुने विशिष्ट पाहुना तथा सम्बन्धित देशका राजदूतहरूको नेपालका विशिष्ट व्यक्तित्व (सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री तथा माननीय मन्त्रीहरू) सँगको औपचारिक भेटमा सहभागी हुने ।

## ४. दक्षिणपूर्व एसिया तथा प्रशान्त महाशाखा

१. महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका दक्षिणपूर्व एसियाका मुलुकहरू (कम्बोडिया, सिङ्गापुर, भियतनाम, मलेसिया, म्यान्मार, लाओस र थाइल्याण्ड) र प्रशान्त क्षेत्रका मुलुकहरू (अष्ट्रेलिया, न्युजिल्याण्ड र अन्य साना देशहरू) सँगको द्विपक्षीय राजनीतिक तथा कूटनीतिक सम्बन्ध विस्तार एवम् सुदृढीकरणसम्बन्धी कार्य गर्ने।

२. नेपालको विकास प्रक्रियाका साझेदार राष्ट्रहरू (अष्ट्रेलिया, न्युजिल्याण्ड आदि) सँग द्विपक्षीय संयन्त्रहरू निर्माण गरी राष्ट्रिय हितको प्रवर्द्धनलाई सुनिश्चित गर्ने ।

३. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका राष्ट्रहरूसँग नेपालको परराष्ट्र नीति तर्जुमा एवम् कार्यान्वयनसम्बन्धी कार्य गर्ने ।

४. महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका मुलुकहरूसँगको नेपालको परराष्ट्र र कूटनीतिक सम्बन्ध एवम् कूटनीतिक उन्मुक्तिका विषयमा नेपाल सरकारका सम्बद्ध निकायहरूलाई आवश्यक परामर्श दिने ।

५. महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका मुलुकहरूको परराष्ट्र नीति र कूटनीतिक उन्मुक्तिका विषयमा नेपाल सरकारका सम्बन्धित निकायहरूलाई आवश्यक परामर्श दिने ।

६. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देशहरूको देशगत परिचय (Country Brief), द्विपक्षीय सम्बन्ध (Bilateral Relations), तुलनात्मक तथ्याङ्कतालिका (Comparative Fact Sheet) तथा ती देशहरूमा घटेका महत्त्वपूर्ण घटनाहरूको नियमित अनुगमन गरी विश्लेषणसहित प्रतिवेदन तयार पार्ने ।

७. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका विषयमा भाषण, वक्तव्य, प्रेस विज्ञप्ति, वार्ताका बुँदा (Talking Points), वार्ताको अभिलेख (Records of Talks) लगायतका दस्तावेज तयार गर्ने ।

८. आफ्नो कार्यक्षेत्रअन्तर्गतका देशमा रहेका नेपाली नियोगहरूसँग आवश्यक समन्वय गरी नेपालको छविलाई अन्तर्राष्ट्रिय जगतमा अभिवृद्धि गर्ने तथा नेपालको हित प्रवर्द्धनको वातावरण सिर्जना गर्ने ।

९. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूसँगको आर्थिक, प्राविधिक, साँस्कृतिक र सामाजिक सहयोगसम्बन्धी कार्य गर्ने।

१०. नेपाल र महाशाखाको कार्यक्षेत्रअन्तगर्तका देशहरूबीच उच्चस्तरीय भ्रमणको आदानप्रदानलाई नियमित र व्यवस्थित गरी राष्ट्रिय हितमा प्रयोग गर्ने ।

११. नेपाल सरकारका मन्त्रालयहरूबाट महाशाखा सम्बन्धित मुलुकहरू तथा निकायसँग भएको कामको समन्वय गर्ने ।

१२. महाशाखाको कार्यक्षेत्रका देशहरूसँग स्थापित/स्थापना हुने द्विपक्षीय संयन्त्रसम्बन्धी कार्यहरू गर्ने।

१३. नेपालको आर्थिक विकासका लागि महाशाखाको कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूसँग वैदेशिक रोजगार, व्यापार, वैदेशिक लगानी, पर्यटनजस्ता उच्च प्रतिफलका क्षेत्र पहिल्याउने र त्यसका लागि आवश्यक पर्ने द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता र समझदारी गर्ने एवम् अल्पकालीन, दीर्घकालीन रणनीति तयार गर्नेसम्बन्धी कार्यहरू गर्ने ।

१४. महाशाखाअन्तर्गतका मुलुकहरूबाट नेपाललाई उपलब्ध हुने छात्रवृत्ति, तालीमजस्ता अवसरहरू प्राप्त गरी नेपाल सरकारका सम्बन्धित निकायहरूमा पठाउने र त्यस्ता अवसरहरूको समुचित उपयोगको व्यवस्था मिलाउने कार्य ।

१५. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूमा बसोबास एवम् कामकाज गर्ने नेपालीहरूको हकहित र कल्याण अभिवृद्धिसम्बन्धी कार्यहरू गर्ने ।

१६. महाशाखाको कार्यक्षेत्रभित्र पर्ने मुलुकहरूको नेपालमा रहेका राजदूतावासहरूसँग निकट सम्पर्कमा रही आपसी हितका विषयमा सहजीकरण र समन्वय गर्ने ।

१७. नेपालमा राजदूतावास, कूटनीतिक नियोग नरहेका महाशाखाको कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूका राजदूतावास, कूटनीतिक नियोग नेपालमा स्थापना गर्न प्रयत्न गर्ने ।

१८. नेपाली राजदूतावास/नियोग नभएका महाशाखाका कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूमा नेपाली राजदूतावास/नियोग स्थापना गर्न पहल गर्ने ।

१९. महाशाखाअन्तर्गत रहेका नेपाली कूटनीतिक नियोगहरूलाई आवश्यकताअनुरूप निर्देशन, सुझाव, सहयोग र सूचना उपलब्ध गराउने ।

## ५. मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखा

१. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका राष्ट्रहरूसँग नेपालको परराष्ट्र नीति तर्जुमा, सफल सञ्चालन तथा कार्यान्वयनसम्बन्धी कार्यहरू गर्ने ।

२. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देशहरूको परराष्ट्र नीतिका बारेमा अवधारणापत्र तयार गर्ने र अद्यावधिक गर्ने ।

३. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देशहरूको देशगत परिचय (Country Brief), द्विपक्षीय सम्बन्ध (Bilateral Relations) र तुलनात्मक तथ्याङ्कतालिका (Comparative Fact Sheet) तथा ती देशहरूमा घटेका महत्त्वपूर्ण घटनाहरूको नियमित अनुगमन गरी विश्लेषणसहित प्रतिवेदन तयार पार्ने ।

४. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका विषयमा भाषण, वक्तव्य, प्रेस विज्ञप्ति, वार्ताका बुँदाहरू (Talking Points), वार्ताको अभिलेख (Records of Talks) लगायतका दस्तावेज तयार गर्ने ।

५. महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका मुलुकहरूसँगको नेपालको परराष्ट्र नीति र कूटनीतिक सम्बन्ध एवम् उन्मुक्तिका विषयमा नेपाल सरकारका सम्बद्ध निकायहरूलाई आवश्यक परामर्श उपलब्ध गराउने।

६. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देश र नेपालबीचको द्विपक्षीय सम्बन्धका बारेमा विवरण अद्यावधिक गर्ने।

७. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देशहरूमा घटेका महत्त्वपूर्ण घटना र विकसित घटनाक्रमहरूको नियमित अनुगमन गर्नुको साथै विश्लेषणात्मक अध्ययन गरी प्रतिवेदन तयार गर्ने।

८. महाशाखाको कार्यक्षेत्रअन्तर्गत रही नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना नभएका मुलुकहरूसँग कूटनीतिक सम्बन्ध स्थापनाको पहल गर्ने।

९. उच्चस्तरीय तथा सरकारीस्तरमा हुने भ्रमण आदानप्रदानसम्बन्धी कार्य गर्ने।

१०. वैदेशिक रोजगारीको अभिवृद्धि गर्ने र तत्सम्बन्धमा पर्ने समस्या निराकरणका लागि विदेशस्थित नेपाली नियोगहरू, नेपालस्थित विदेशी कूटनीतिक नियोगहरू र अन्य सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय गर्ने ।

११. आफ्नो कार्यक्षेत्रअन्तर्गतका देशमा रहेका नेपाली नियोगहरूसँग आवश्यक समन्वय गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको छविलाई अभिवृद्धि गर्ने तथा नेपालको हित प्रवर्द्धनको वातावरण सिर्जना गर्ने।

१२. नेपालको आर्थिक विकासका लागि महाशाखाको कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूसँग वैदेशिक रोजगार, व्यापार, वैदेशिक लगानी, पर्यटनजस्ता आर्थिक कूटनीतिका उच्च प्रतिफल भएका क्षेत्रहरू पहिल्याउने र त्यसका लागि आवश्यक पर्ने द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता र समझदारीसम्बन्धी कार्यहरू गर्ने।

१३. नेपालमा राजदूतावास/नियोग नरहेका महाशाखाको कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूका राजदूतावास, कूटनीतिक नियोग नेपालमा स्थापना गर्न प्रयत्न गर्ने ।

१४. नेपाली राजदूतावास/नियोग नभएका महाशाखाका कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूमा नेपाली राजदूतावास/नियोग स्थापना गर्न पहल गर्ने ।

१५. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देशहरूमा नेपाली विद्यार्थीहरूलाई अध्ययनको अवसर उपलब्ध गराउन प्रयास गर्ने ।

१६. महाशाखाको कार्यक्षेत्रमा बसोबास एवम् कामकाज गर्ने नेपालीहरूको हकहित र कल्याण अभिवृद्धिसम्बन्धी कार्यहरू गर्ने ।

१७. नेपाल र महाशाखाको कार्यक्षेत्रका देशहरूबीच जनस्तरको सम्बन्ध अभिवृद्धि गर्ने कार्यहरू सम्पादन गर्ने ।

१८. नेपाल सरकारले समयसमयमा निर्णय वा निर्देशन गरेका अन्य कार्यहरू सम्पादन गर्ने ।

## ६. शिष्टाचार महाशाखा

१. नेपाली राजदूतहरू र सैनिक सहचारीहरूको नियुक्तिको लागि सम्बन्धित मुलुकहरूबाट सहमति प्राप्त गर्न कूटनीतिक पत्राचार गर्ने, नवनियुक्त राजदूतहरूको ओहदाको प्रमाणपत्र तयार गर्ने एवम् नेपालका लागि विदेशी राजदूतहरू र सैनिक सहचारीहरू नियुक्त गर्न मित्रराष्ट्रहरूले गरेको प्रस्तावमा नेपाल सरकारको तर्फबाट सहमति प्रदान गर्ने ।

२. नेपालका लागि राजदूत नियुक्त कूटनीतिज्ञहरूलाई राष्ट्रपतिसमक्ष ओहदाको प्रमाणपत्र पेश गर्ने व्यवस्था मिलाउने ।

३. मित्रराष्ट्रहरूको राष्ट्रिय दिवसको उपलक्ष्यमा नेपालका राष्ट्रप्रमुख र सरकारप्रमुखहरूको तर्फबाट बधाई तथा शुभकामना सन्देशहरू पठाउने; सोही अवसरमा आयोजना हुने स्वागत समारोहमा नेपाल सरकारको तर्फबाट प्रमुख अतिथिको उपस्थिति सुनिश्चित गराई उपस्थितिका समयमा सहजकर्ताको काम गर्ने ।

४. नेपालका अति विशिष्ट एवम् विशिष्ट पदाधिकारीलाई प्राप्त हुने र उहाँहरूले आ-आफ्ना समकक्षीलाई पठाउनुहुने चिठ्ठीपत्र, सन्देश र शुभकामनाहरू दुवैतर्फका उच्च गन्तव्य स्थानहरूमा सम्प्रेषण गर्ने ।

५. विदेशी राष्ट्रहरूसँग कूटनीतिक सम्बन्ध स्थापनासम्बन्धी कार्य गर्ने ।

६. विदेशी मित्रराष्ट्रले नेपालमा अवैतनिक वाणिज्यदूत नियुक्त गर्न गरेको प्रस्तावमा स्वीकृति प्रदान गर्न आवश्यक तयारी पूरा गरी नेपाल सरकारको तर्फबाट सहमति प्रदान गर्ने एवम् नियुक्तिपत्र (Letter of Commission) प्राप्त भएपछि स्वीकृतिपत्र (Exequatur) जारी गर्ने र नेपाल सरकारले विदेशस्थित विभिन्न मुलुक र शहरका लागि नियुक्त गर्ने अवैतनिक वाणिज्यदूत/ महावाणिज्यदूतको लागि सम्बन्धित मुलुकबाट सहमति प्राप्त गरी नियुक्तिपत्र (Letter of Commission) तयार गरी पठाउने ।

७. नेपालमा रहेका विदेशी कूटनीतिक नियोगहरू र अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको विवरण र विदेशमा रहेका नेपाली नियोगहरूको विवरण अद्यावधिक गरी हरेक वर्ष डिप्लोमेटिक लिस्ट प्रकाशन गर्ने; विदेशी नियोग र पदाधिकारीहरू एवम् आश्रित परिवारका सदस्यहरूको लागि नेपालमा सुरक्षा व्यवस्था मिलाउन नेपाल सरकारका सम्बन्धित निकायहरूसँग समन्वय गर्ने, शिष्टाचार अभ्यास र कन्सुलर सम्बन्धसम्बन्धी आवश्यक विवरण संलग्न गरी नेपाल सरकारको शिष्टाचार एवम् कन्सुलर पुस्तिका (Protocol and Consular Handbook) प्रकाशन र अध्यावधिक गर्ने एवम् कूटनीतिक आचारसंहिताको पालनासम्बन्धी काम गर्ने ।

८. नेपालका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री एवम् परराष्ट्रमन्त्रीले मित्रराष्ट्रहरू र क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय सङ्गठनहरूको औपचारिक कामको सिलसिलामा विदेश भ्रमण गर्नुहुँदा एवम् उहाँहरूका समकक्षी र अन्य पदाधिकारीहरूले नेपालको औपचारिक भ्रमण गर्नुहँदा नेपाल सरकारबाट कार्यक्रम स्वीकृत गराउने, भ्रमणका कार्यक्रमहरू तयार गरी कार्यक्रम पुस्तिका तयार गर्ने; स्वागत समारोह र आवास, खानपिन, यातायातको सुविधा, औपचारिक भोजहरू र उपहारलगायतका शिष्टाचार एवम्

आतिथ्यता कूटनीतिक प्रचलनबमोजिम हुने व्यवस्था सुनिश्चित गराउने र नेपालमा हुने भ्रमणका लागि नेपाल सरकारका सम्बन्धित निकायहरूसँग समन्वय गर्ने ।

९. विशिष्ट विदेशी पदाधिकारीहरूको प्रयोगको लागि अन्तर्राष्ट्रिय एवम् आन्तरिक विमानस्थल कार्यालयहरूमा विशिष्ट कक्ष उपलब्ध गराउने ।

१०. नेपालको औपचारिक भ्रमणमा आउने विशिष्ट विदेशी पदाधिकारीको लागि सुरक्षा प्रदान गर्न गृह मन्त्रालयलाई र दिवाभोज, रात्रिभोज आयोजना गर्न र अन्य कार्यक्रमहरू आयोजना गर्न नेपाल सरकारका सम्बन्धित मन्त्रालय वा अन्य निकायलाई सहयोग र सल्लाह प्रदान गर्ने ।

११. नेपालमा आयोजना हुने द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय सभा, सम्मेलन, सेमिनार र बैठकको तयारी, सम्मेलन एवम् वार्तास्थलको सजावट र अन्य व्यवस्था मिलाउने; सम्मेलनका लागि आवश्यक सामग्री, यान्त्रिक एवम् विद्युतीय उपकरण एवम् मसलन्दको व्यवस्था गर्ने; सम्मेलन सचिवालयको व्यवस्था गर्ने, सहभागीहरूको लागि परिचयपत्र, प्रवेशपत्र तथा सुरक्षा कार्ड जारी गर्ने; कार्यक्रम पुस्तिका प्रकाशन गर्ने, पुनः प्रयोग हुनसक्ने सामग्रीहरूको उचित भण्डारण गरी कार्यक्रमको समेत अभिलेख राख्ने लगायत तत्सम्बन्धी अन्य विविध कामहरू गर्ने ।

**७. युरोप तथा अमेरिका महाशाखा**

१. युरोप तथा अमेरिकी मुलुकहरू एवम् युरोपियन युनियनसँग द्विपक्षीय कूटनीतिक सम्बन्ध विकास र विस्तार गर्न क्रियाशील रहने ।

२. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका राष्ट्र एवम् संस्थाहरूसँग द्विपक्षीय उच्चस्तरका भ्रमण तथा वार्ताहरूसम्बन्धी कार्य गर्ने ।

३. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका राष्ट्र एवम् संस्थाहरूको परिचय (Brief), नेपालसँगको द्विपक्षीय सम्बन्ध ( Bilateral Relations), तथ्याङ्कतालिका ( Fact Sheet) आदि तयार/अद्यावधिक गर्ने।

४. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका राष्ट्र एवम् संस्थाहरूको परराष्ट्र नीतिको अध्ययन गरी नेपालको रणनीति तयार/अद्यावधिक गर्ने ।

५. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका राष्ट्रहरूसँग नेपालको व्यापार, लगानी तथा पर्यटन प्रवर्द्धन गर्नका लागि नेपालका सम्बन्धित निकायहरूसँग समन्वय गरी आवश्यक भूमिका निर्वाह गर्ने।

६. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका राष्ट्रहरूमा रहेका नेपालीहरूको हक हितलाई संवर्द्धन तथा प्रवर्द्धन गर्नका लागि आवश्यक पहल गर्ने।

७. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देशहरूमा घटेका महत्त्वपूर्ण घटनाहरूको नियमित रूपले विश्लेषण गरी प्रतिवेदन तयार गर्ने।

८. नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना नभएका महाशाखाको कार्यक्षेत्रअन्तर्गत पर्ने मुलुकहरूसँग कूटनीतिक सम्बन्ध स्थापना गर्न पहल गर्ने।

९. युरोप तथा अमेरिकी मुलुकहरू एवम् युरोपियन युनियनसँग कूटनीतिक माध्यमद्वारा आवश्यक समन्वय गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको हित प्रवर्द्धनको वातावरण सिर्जना गर्ने एवम् नेपालको छवि अभिवृद्धि गर्ने।

१०. वैदेशिक रोजगारलाई अभिवृद्धि गर्ने र तत्सम्बन्धमा पर्ने समस्या निराकरणका लागि विदेशस्थित नेपाली नियोगहरू, नेपालमा रहेका ती देशका कूटनीतिक नियोगहरू र सरोकारवाला निकायहरूसँग संवाद र समन्वयसम्बन्धी कार्य गर्ने ।

११. आफ्नो कार्यक्षेत्रअन्तर्गतका विषयमा भाषण, वक्तव्य, प्रेस विज्ञप्ति, वार्ताका बुँदाहरू (Talking Points), वार्ताको अभिलेख (Records of Talks) लगायतका दस्ताबेज तयार गर्ने।

१२. युरोप तथा अमेरिकी मुलुकहरू एवम् युरोपियन युनियनसँग हुने नेपालका विभिन्न तह र निकायका बैठकहरूको संयोजन तथा समन्वय गर्ने र छलफल भएका विषयवस्तुको अभिलेखीकरण गर्ने ।

१३. नेपालको आर्थिक विकासका लागि युरोप तथा अमेरिकी मुलुकहरू एवम् युरोपियन युनियनसँग वैदेशिक रोजगार, व्यापार, वैदेशिक लगानी, पर्यटनजस्ता उच्च प्रतिफलका क्षेत्र पहिल्याउने र त्यसका लागि आवश्यक पर्ने द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता र समझदारीसम्बन्धी कार्यहरू गर्ने।

१४. नेपालमा राजदूतावास/कूटनीतिक नियोग नरहेका महाशाखाको कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूका राजदूतावास/कूटनीतिक नियोग नेपालमा स्थापना गर्न प्रयत्न गर्ने।

१५. नेपाली राजदूतावास/नियोग नभएका महाशाखाका कार्यक्षेत्रअन्तर्गतका मुलुकहरूमा आवश्यकताका आधारमा नेपाली राजदूतावास/नियोग स्थापना गर्न पहल गर्ने।

१६. नेपाल र महाशाखाको कार्यक्षेत्रअन्तर्गतका देशहरूबीच जनस्तरको सम्बन्ध अभिवृद्धि गर्ने कार्यहरू सम्पादन गर्ने।

१७. अन्य निर्दिष्ट कार्यहरू गर्ने ।

## ८. संयुक्त राष्ट्रसङ्घ, अन्तर्राष्ट्रिय सङ्घ सङ्गठन तथा अन्तर्राष्ट्रिय कानून महाशाखा

१. संयुक्त राष्ट्रसङ्घ तथा नेपाल सदस्य रहेका संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत निकायहरूको बहुपक्षीय कूटनीति तथा विश्व मामिलाका विषयहरूमा अवधारणापत्र तयार गर्ने/अद्यावधिक गर्ने ।

२. अन्तर्राष्ट्रिय चासो र महत्त्वका समसामयिक विषयहरूमा नेपाल सरकारको दृष्टिकोण तथा आवश्यकताअनुसार आधिकारिक वक्तव्य तयार गर्ने ।

३. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका निकायहरू तथा विषयमा संक्षिप्त विवरण (Brief) तथा तथ्याङ्कतालिका (Fact Sheet) तयार गर्ने र ती निकाय तथा विषयको सन्दर्भमा विकसित घटनाक्रमहरूको नियमित अनुगमन गरी विश्लेषणसहित प्रतिवेदन तयार पार्ने कार्य गर्ने ।

४. संयुक्त राष्ट्रसङ्घको महासभा तथा यसका विशिष्टीकृत निकायहरूको सभा, सम्मेलन, बैठक आदिमा भाग लिन सारभूत तयारी गर्ने एवम् सहभागिता जनाउने ।

५. महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका सङ्घ सङ्गठन र कूटनीतिक उन्मुक्तिका विषयमा नेपाल सरकारका अन्य निकायहरूलाई आवश्यक परामर्श दिने ।

६. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको बैठक, सभा, सम्मेलन आदिमा नेपाल सरकारका सम्बद्ध निकायसमेतसँग समन्वय गरी प्रतिनिधित्व गर्ने ।

७. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका बहुपक्षीय निकायहरूसँगको सम्बन्धका बारेमा संक्षिप्त विवरण अद्यावधिक गर्ने।

८. निशस्त्रीकरणसम्बन्धी विषयहरूमा नेपालको आधिकारिक धारणा तयार गर्ने सन्दर्भमा National Authority of Disarmament Affairs को संयोजन गर्ने ।

९. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका निकायहरूमा भएका र हुने महत्त्वपूर्ण कार्यहरूको नियमित अनुगमन गर्ने र विकसित घटनाक्रमको विश्लेषणात्मक अध्ययन गरी प्रतिवेदन तयार गर्ने ।

१०. राष्ट्रप्रमुख, सरकारप्रमुख, परराष्ट्रमन्त्रीलगायतका विशिष्ट व्यक्तिहरूले भाग लिने अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठी, बैठक आदिमा दिइने भाषण, सम्बोधन र वक्तव्यहरू आवश्यकताअनुसार तयार पार्ने।
११. नेपाल सदस्य नभएका संयुक्त राष्ट्रसङ्घका निकायहरूको सदस्यता लिन पहल गर्ने र ती निकायहरूसँग सम्बन्ध विकास गर्ने ।
१२. संयुक्त राष्ट्रसङ्घको शान्ति स्थापना अभियान (Peacekeeping Operations) मा नेपालको सहभागितासम्बन्धी समन्वयात्मक कार्य गर्ने ।
१३. शरणार्थीसम्बन्धी विषयमा आवश्यक समन्वय र सहजीकरणका कार्य गर्ने ।
१४. महाशाखाको कार्यक्षेत्र सम्बन्धित उच्चस्तरीय भ्रमणहरूको व्यवस्थापन/समन्वय गर्ने ।
१५. महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका विदेशस्थित नेपाली नियोगहरूसँग आवश्यक समन्वय गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको छविलाई अभिवृद्धि गर्न जोड दिने ।
१६. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका सङ्घसंस्थाहरूसँग कूटनीतिक माध्यमद्वारा सम्पर्क र समन्वय गरी नेपालको हित प्रवर्द्धनको वातावरण सिर्जना गर्ने ।
१७. महाशाखाको कार्यक्षेत्रअन्तर्गतका विषयमा भाषण, वक्तव्य, प्रेस विज्ञप्ति, वार्ताका बुँदाहरू ( Talking Points), वार्ताको अभिलेख (Records of Talks) लगायतका दस्ताबेज तयार गर्ने।
१८. संयुक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्को विभिन्न निकायहरूबाट नेपालको मानव अधिकार स्थितिका बारेमा उठाइएका मुद्दाहरूको सम्बन्धमा नेपाल सरकारको आधिकारिक धारणा/प्रतिक्रिया सम्बद्ध सबै सरकारी निकायहरूको समन्वयमा तयार गर्न आवश्यक कार्य गर्ने।
१९. नेपाल पक्ष भएका महासन्धि/अभिसन्धिहरूको कार्यान्वयन स्थितिको सम्बन्धमा आवधिक राष्ट्रिय प्रतिवेदन तयार गर्ने सिलसिलामा समन्वय गर्ने र सम्बद्ध सरकारी निकायहरूलाई आवश्यक राय परामर्श दिने।
२०. नेपालसँग सरोकार राख्ने सार्वजनिक वा निजी अन्तर्राष्ट्रिय कानूनको प्रश्नमा राय परामर्श दिने ।
२१. नेपाल सरकार वा नेपाल राज्य पक्ष भएको द्विपक्षीय वा बहुपक्षीय करारको पालना तथा पूरा गर्नुपर्ने दायित्वका सम्बन्धमा राय परामर्श दिने ।
२२. अन्तर्राष्ट्रिय कानूनसँग सम्बन्धित राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठी, कार्यशाला आदिमा नेपालको प्रतिनिधित्व गर्नुको साथै नीतिगत विषयको सम्बन्धमा आवश्यक कार्य गर्ने तथा अन्तर्राष्ट्रिय कानूनको सम्बन्धमा परिआएका अन्य कार्य गर्ने ।
२३. असंलग्न आन्दोलनका विभिन्न विषयहरूमा अवधारणापत्र तयार गर्ने र अद्यावधिक गर्ने ।
२४. असंलग्न आन्दोलनका शिखर सम्मेलन, मन्त्रीस्तरीय सम्मेलन र अन्य महत्त्वपूर्ण बैठकहरूमा भाग लिने, नेपालको अवधारणा प्रस्तुत गर्ने ।
२५. नेपाल सदस्य रहेका विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको बैठक, सभा, सम्मेलन आदिमा नेपाल सरकारका सम्बद्ध निकायसमेतसँग समन्वय गरी प्रतिनिधित्व गर्ने।
२६. संयुक्त राष्ट्रसङ्घ, यसका विशिष्टीकृत अङ्गहरू, कोष तथा अन्तर्राष्ट्रिय सन्धिद्वारा बनेका अङ्गहरूमा हुने निर्वाचनमा नेपालको लागि समर्थन जुटाउन पहल गर्ने तथा अन्य राष्ट्रलाई समर्थन गर्ने विषयमा अन्य मन्त्रालय एवम् सम्बन्धित नेपाली राजदूतावासहरूसँग समन्वय गरी निर्णयका लागि पेश गर्ने ।
२७. संयुक्त राष्ट्रसङ्घ, नेपाल सदस्य भएका संयुक्त राष्ट्रसङ्घका विशिष्टीकृत एजेन्सीहरू तथा अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय संस्थाहरूलाई बुझाउनुपर्ने सदस्यता शुल्क भुक्तानी गर्न नेपाल सरकारका सम्बन्धित निकायहरूसँग समन्वय गर्ने ।

२८. परराष्ट्र मन्त्रालयसँग सम्झौता गरी नेपालमा क्षेत्रीय कार्यालय स्थापना गरेर काम गरिरहेका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सम्झौता नवीकरणसम्बन्धी कार्य तथा त्यस्ता संस्थामा काम गर्ने विदेशी नागरिकहरूलाई भिसा सिफारिस गर्नेसम्बन्धी कार्य सम्पादन गर्ने ।

२९. अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सहजीकरण समिति र केन्द्रीय सल्लाहकार समितिको बैठकमा भाग लिई परराष्ट्र मन्त्रालयको तर्फबाट धारणाहरू प्रस्तुत गर्ने ।

३०. संयुक्त राष्ट्रसङ्घ, अन्तर्राष्ट्रिय सङ्घसङ्गठन तथा अन्तर्राष्ट्रिय कानून महाशाखाबाट सम्पादन हुने कार्यसँग सम्बन्धित विषयमा कुनै गैरसरकारी सङ्घसंस्था दर्ता गर्न राय परामर्श माग भई आएमा राय परामर्श दिने।

३१. जलवायु परिवर्तन, दिगो विकास, सहस्राब्दी विकासका लक्ष्य, अति कमविकसित तथा भूपरिवेष्ठित राष्ट्रहरूसँग सम्बन्धित विषयमा संयुक्त राष्ट्रसङ्घ एवम् अन्य सरोकारवाला निकाय र नेपाल सरकारका सम्बन्धित निकायहरूसँग समन्वय गर्ने ।

## ९. क्षेत्रीय सङ्गठन महाशाखा

१. यस महाशाखा अन्तर्गतका क्षेत्रीय/उपक्षेत्रीय सङ्गठनहरूका लागि नेपालको राष्ट्रिय सम्पर्कबिन्दु (National Focal Point) का रूपमा परराष्ट्र मन्त्रालय रहेकाले क्षेत्रीय सहयोगसम्बन्धी नेपाल सरकारको सोच, दृष्टिकोण, नीति, रणनीति, योजना र कार्यक्रम आदि तर्जुमा गर्ने ।

२. यी क्षेत्रीय सङ्गठनका शिखर सम्मेलनहरू, मन्त्रीस्तरीय बैठकहरू, सचिवस्तरीय बैठकहरू तथा अन्य विभिन्नस्तरका बैठकहरूको तयारी, सहभागिता, प्रतिवेदन (Reporting), अनुगमनसम्बन्धी कामहरू गर्ने । ती बैठकहरूमा नेपालले प्रस्तुत गर्ने धारणा, वक्तव्य र सम्बोधनलगायतका सारभूत कामहरू गर्ने तथा नेपाल सरकारका सम्बन्धित निकायहरूसँग समन्वय गराउने ।

३. नेपालले क्षेत्रीय सङ्गठनहरूको अध्यक्षता ग्रहण गरेको अवस्थामा सिर्जना हुने थप कार्यहरू गर्ने ।

४. क्षेत्रीय सङ्गठनहरूका सचिवालयहरू, विशिष्टीकृत संस्थाहरू, क्षेत्रीय केन्द्रहरूलगायतका अन्य संरचनाका साथै प्राविधिक समिति, कार्यसमूहलगायतका संयन्त्रहरू र नेपाल सरकारका सम्पर्कबिन्दुहरूबीचको समन्वयको व्यवस्था मिलाउने ।

५. महाशाखाको कार्यक्षेत्रअन्तर्गत रहेका सङ्गठनहरूको क्षेत्रीय सहयोग प्रवर्द्धन नीति र कूटनीतिक उन्मुक्तिका विषयमा नेपाल सरकारका सम्बद्ध निकायहरूलाई आवश्यक परामर्श दिने।

६. क्षेत्रीय सङ्गठनहरूका सचिवालयहरू, सम्बद्ध संस्थाहरू र सदस्य राष्ट्रहरूसँग नेपालको तर्फबाट गरिने पत्राचारहरू, सञ्चार तथा सम्पर्कसम्बन्धी काम गर्ने ।

७. क्षेत्रीय सहयोग र सहकार्य अभिवृद्धिका लागि महाशाखाको कार्यक्षेत्रका क्षेत्रीय/उपक्षेत्रीय सङ्गठन सँगको नेपालको सम्बन्ध सुदृढीकरण गर्नेतर्फ आवश्यक कार्यहरू गर्ने ।

८. क्षेत्रीय सङ्गठनहरूको वार्षिक कार्यतालिकाअनुसार नेपालको तर्फबाट सम्पादन गर्नुपर्ने कार्यहरू कार्यान्वयन गराउने र अनुगमन गर्ने ।

९. सार्क सचिवालयको आतिथेय राष्ट्र (Host Country) को हैसियतमा गर्नुपर्ने कार्यहरू गर्ने ।

१०. उल्लिखित क्षेत्रीय सङ्गठनहरूको सहयोगका क्षेत्रहरूअन्तर्गत रहेका विभिन्न प्राविधिक समिति तथा कार्यसमूहका बैठक, कार्यक्रम तथा क्रियाकलापमा नेपालको सहभागिता सुनिश्चित गरी ती क्रियाकलापका माध्यमबाट राष्ट्रिय हितको अधिकतम प्रवर्द्धनका लागि काम गर्ने ।

११. क्षेत्रीय सङ्गठनहरूको क्रियाकलापहरूमा नेपालको सहभागिताका लागि आवश्यक पर्ने बजेट तर्जुमा गर्ने। नेपालले ती निकायहरूलाई बुझाउनुपर्ने वित्तीय योगदानसम्बन्धी कार्यहरू गर्ने ।

१२. महाशाखाअन्तर्गतका क्षेत्रीय सङ्गठनहरूसम्बन्धी महासन्धि, अभिसन्धि, सन्धि/सम्झौताहरूलाई नेपालको राष्ट्रिय हित प्रवर्द्धन हुने गरी कार्यान्वयनको व्यवस्था मिलाउने, त्यसको अनुगमन गर्ने र प्रतिवेदन तयार गर्ने ।

१३. यी क्षेत्रीय सङ्गठनहरूका सहयोगका क्षेत्रहरूअन्तर्गत नेपाललाई उपलब्ध हुनसक्ने प्राविधिक सहयोग तथा क्षमता अभिवृद्धिका लागि प्रयत्न गर्ने।

१४. महाशाखाको कार्यक्षेत्रमा पर्ने क्षेत्रीय सङ्गठनहरूसम्बन्धी महासन्धि/अभिसन्धि/सन्धि/सम्झौताहरूको अवधारणापत्र तयार गर्ने, वार्ता गर्ने (negotiation), हस्ताक्षर गर्ने र अनुमोदन (ratification) गर्ने लगायतका कामहरू सम्बन्धित मन्त्रालयहरूसँगको समन्वयमा गर्ने।

१५. क्षेत्रीय सङ्गठनहरूसम्बन्धी महासन्धि/अभिसन्धि/सन्धि/सम्झौताहरू, निर्णयहरूलगायतका दस्तावेजहरूको अभिलेखीकरण (Record) गर्ने।

१६. क्षेत्रीय सहयोगका संस्थाहरूबाट उपलब्ध हुनसक्ने सहयोग तथा सहकार्यका लागि चाल्नुपर्ने कदमका बारेमा नेपाल सरकारका सम्बद्ध निकायहरूलाई सल्लाह, सुझाव तथा आवश्यक सहयोग प्रदान गर्ने।

१७. नेपाल तथा विदेशका बौद्धिक वर्ग (Think Tank), अनुसन्धान निकायहरू ( Research Institutions), सञ्चारमाध्यम (Media) मार्फत क्षेत्रीय सहयोग प्रवर्द्धन सम्बन्धमा नेपालको धारणा व्यक्त गर्ने, गराउने ।

१८. क्षेत्रीय सहयोग सङ्गठनहरूसम्बन्धी प्रकाशन र प्रचारप्रसारका कामहरू गर्ने, गराउने ।

१९. महाशाखाअन्तर्गत पर्ने क्षेत्रीय सङ्गठनहरूसँग सम्बन्धित अन्य कार्यहरू गर्ने ।

२०. उल्लिखित क्षेत्रीय संस्थाहरूबाहेकका अन्य क्षेत्रीय सङ्गठनहरूसम्बन्धी कार्यहरूसमेत गर्ने ।

## १०. नीति, योजना, विकास कूटनीति तथा विदेशमा रहेका नेपालीसम्बन्धी महाशाखा

१. नेपाल सरकारको नीति योजना, कार्यक्रम तथा निर्देशनबमोजिम परराष्ट्र मन्त्रालय तथा विदेशस्थित नेपाली नियोगहरूबाट कार्यान्वयन हुनुपर्ने नीति तथा कार्यक्रमहरू कार्यान्वयन/सञ्चालन गर्न योजना तर्जुमा गर्ने।

२. परराष्ट्र मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यालय एवम् विदेशस्थित नेपाली नियोगहरूबाट सम्पादन भएका मुख्यमुख्य कामहरूको मासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण प्राप्त गरी समीक्षा गर्ने तथा आवश्यकतानुसार अन्तर्गतका विभाग, कार्यालय र नियोगहरूलाई पृष्ठपोषण उपलब्ध गराउने।

३. परराष्ट्र मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यालय एवम् विदेशस्थित नेपाली नियोगहरूको नीति, योजना तथा प्रगति सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगलगायतका निकायहरूसँग सम्पर्क एकाइको रूपमा काम गर्ने।

४. परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूको नीति, योजना तथा कार्यक्रमहरूको आवधिक समीक्षा गरी प्रतिवेदन तयार गर्ने ।

५. परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूमा शासकीय सुधार, विद्युतीय शासन प्रणाली (e-gover nance), सूचना प्रविधि आदिसँग सम्बन्धित योजना तथा समन्वयसम्बन्धी कार्य गर्ने ।

६. परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूको सार्वजनिक सेवा प्रवाह, कार्यसँस्कृति तथा कार्यप्रणालीसम्बन्धी अध्ययन गरी सुधारका लागि सिफारिस गर्ने ।

७. नेपालको परराष्ट्र सेवाको प्रभावकारी सञ्चालनको लागि आवश्यक योजना तर्जुमा गर्ने र समयसमयमा अनुगमन र मूल्याङ्कन गरी सुझाव पेश गर्ने । साथै, परराष्ट्र सेवा र परराष्ट्र मन्त्रालयसँग सम्बन्धित ऐन, नियमको तर्जुमा तथा संशोधनका लागि आवश्यक कार्य र समन्वय गर्ने।

८. नेपालको परराष्ट्र सम्बन्धको इतिहास, विकासक्रम र विस्तार सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने, गराउने ।

९. नेपालको परराष्ट्र नीति, कूटनीति, क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्बन्ध एवम् अन्तर्राष्ट्रिय कूटनीति, अन्तर्राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय राजनीतिसम्बन्धी नेपालका विद्वान, प्राध्यापक एवम् कूटनीतिज्ञहरूबाट कृति, आलेख एवम् कार्यपत्र तयार गर्न लगाई प्रस्तुतीकरण एवम् प्रकाशन गर्ने, गराउने ।

१०. परराष्ट्र मन्त्रालयका अधिकृत एवम् कर्मचारीहरूलाई नेपालको परराष्ट्र नीति, कूटनीति तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय राजनीति र अन्तर्राष्ट्रिय कानूनका विषयमा खोज, शोध, अध्ययन, अनुसन्धान तथा प्रकाशन गर्न प्रोत्साहन तथा सहयोग गर्ने ।

११. परराष्ट्र मन्त्रालय तथा अन्तर्गतका विभाग तथा नियोगहरूमा नेपालको परराष्ट्र नीति, कूटनीति एवम् अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय कानून, अन्तर्राष्ट्रिय राजनीतिलगायतका नेपाली तथा विदेशी पुस्तक-पुस्तिका, पत्रपत्रिका र स्रोतसामग्री सङ्ग्रहित पुस्तकालय सञ्चालनमा सहयोग गर्ने।

१२. अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय राजनीति, परराष्ट्र नीति, कूटनीति तथा अर्थनीति, सामरिक विषय, सुरक्षालगायत परराष्ट्र मामिलासँग सम्बन्धित विषयहरूमा अध्ययन/अनुसन्धान गर्ने राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संस्थाहरू (प्रदेशस्तरमा स्थापितसमेत) सँग सम्पर्क र सम्बन्ध कायम गर्ने ।

१३. नेपालको परराष्ट्र नीति तर्जुमा, कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने तथा नेपालको राष्ट्रिय हितको संरक्षण तथा प्रवर्द्धन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण गरी सुझाव पेश गर्ने।

१४. वैदेशिक रोजगारीमा जाने नेपालीका समस्या समाधानका लागि परराष्ट्र मन्त्रालयका महाशाखाहरू, विदेशस्थित नेपाली कूटनीतिक नियोगहरू, श्रम तथा रोजगार मन्त्रालय, सरोकारवाला निकायहरूसँग समन्वय गरी समस्या समाधानको व्यवस्था मिलाउने ।

१५. वैदेशिक रोजगारीलाई थप सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन पहल गर्ने ।

१६. वैदेशिक रोजगारीका नयाँ क्षेत्रहरूको पहिचान गर्न आवश्यक सहयोग गर्ने ।

१७. वैदेशिक रोजगारीमा जाने/गएका नेपालीहरूको हक, हित र कल्याण अभिवृद्धि गर्न तथा समस्या समाधान गर्नका लागि विदेशस्थित नेपाली नियोगहरू तथा नेपालमा रहेका सरोकारवाला निकायहरूसँग समन्वय गर्ने ।

१८. ठूलो संख्यामा नेपाली नागरिकहरू रोजगारीमा रहेका मित्रराष्ट्रहरूको आर्थिक र सामाजिक विकासका प्रक्रियाको नियमित अध्ययन गर्ने ।

१९. वैदेशिक रोजगारीमा गएका श्रमिकले दुर्घटना, अङ्गभङ्ग, मृत्यु आदिका कारण पाउने क्षतिपूर्ति रकम उपलब्ध गराउने तथा अन्य कल्याणसम्बन्धी कार्यहरूलाई छिटोछरितो बनाउन कन्सुलर सेवा विभागसँग समन्वय गरी कार्य गर्ने ।

२०. परराष्ट्र मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय तथा विदेशस्थित नेपाली नियोगहरूको भौतिक पूर्वाधार, कार्यप्रणाली, साधनस्रोत आदिको बारेमा नियमित रूपमा अनुगमन गर्ने।

२१. परराष्ट्र मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय तथा विदेशस्थित नेपाली नियोगहरूबाट सम्पादन भैरहेका कार्यहरूको सम्बन्धित महाशाखाहरूसँग समन्वय गरी नियमित अनुगमन र मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने तथा आवश्यक सुझाव तथा निर्देशन दिने।

२२. आर्थिक कूटनीतिका विभिन्न क्षेत्रहरू (जस्तै विदेशी लगानी, व्यापार तथा पर्यटन प्रवर्द्धन, वैदेशिक रोजगार व्यवस्थापन, प्रविधि हस्तान्तरण, जलवायु परिवर्तन, साँस्कृतिक प्रवर्द्धन, वैदेशिक सहायता व्यवस्थापन आदि) मा नेपाल सरकारले अपनाउनुपर्ने नीति, रणनीति, योजना र कार्यक्रम तयार गर्ने र त्यस्ता कार्यक्रमहरूको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने।

२३. आर्थिक कूटनीतिको कार्यान्वयनका विषयमा नेपाल सरकारका विभिन्न मन्त्रालय, निकाय र निजी क्षेत्र तथा विदेशस्थित नेपाली नियोगहरू एवम् अन्य सरोकारवाला निकायहरूसँग छलफल, अन्तरक्रिया, संयोजन तथा समन्वय गर्ने ।

२४. विदेशस्थित नेपाली नियोगहरूबाट वार्षिक रूपमा सञ्चालन गर्ने आर्थिक कूटनीति प्रर्वद्धनका कार्यक्रमहरू माग गर्ने, ती कार्यक्रमहरूको आधारमा आवश्यक वार्षिक बजेट विनियोजन तथा निकासाको व्यवस्था गर्ने।

२५. राष्ट्रिय आर्थिक नीतिहरूलाई परराष्ट्र नीतिका लक्ष्य तथा रणनीतिमा समन्वयीकरण गर्न सहयोग गर्ने ।

२६. आर्थिक कूटनीतिका कार्यक्रमको योजना तथा तर्जुमामा विदेशस्थित नेपाली नियोगहरूलाई आवश्यक सहयोग एवम् सल्लाह उपलब्ध गराउने ।

२७. आर्थिक कूटनीतिको प्रभावकारी परिचालनका लागि सम्भाव्य क्षेत्रहरू, कार्यक्रम सञ्चालनका लागि लक्षित वर्ग तथा स्थानहरूको पहिचान गर्ने ।

२८. मन्त्रालय तथा विदेशस्थित नेपाली नियोगहरूबाट सञ्चालन भएका वार्षिक कार्यक्रमको समीक्षा गरी नियोग तथा अन्य सरोकारवाला निकायहरूलाई पृष्ठपोषण उपलब्ध गराउने ।

२९. आर्थिक कूटनीति प्रवर्द्धनका लागि कार्यक्रमहरू तयार गरी विदेशस्थित नेपाली नियोगहरू, विषयगत मन्त्रालय र निजी क्षेत्रसमेतको सहभागितामा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने र उनीहरूको सहभागिता अभिवृद्धि गर्ने।

३०. आर्थिक कूटनीति, योजना, व्यवस्थापन, अनुगमन र मूल्याङ्कनजस्ता विषयहरूमा सरोकारवाला निकायहरूको सहभागितामा आवश्यकताअनुसार बैठक, कार्यशाला, सभा, गोष्ठी आदि आयोजना गर्ने।

३१. विदेशमा रहेका नेपालीहरूको नेपालप्रतिको सामीप्य अभिवृद्धि गरी उनीहरूको ज्ञान, सीप र पुँजीलाई नेपालको सर्वाङ्गीण विकासमा परिचालन गर्न आवश्यक नीति, रणनीति तथा योजना तयार गरी कार्यान्वयन गर्ने, गराउने।

३२. विदेशमा रहेका नेपालीहरूको सम्पर्कबिन्दुको रूपमा काम गर्ने ।

३३. गैरआवासीय नेपाली परिचयपत्र जारी गर्ने र सोको अभिलेख राख्ने ।

३४. विदेशमा बस्ने नेपालीहरूसँग सम्बन्धित सङ्घसंस्थाहरूसँग सम्पर्क तथा सम्बन्ध कायम गर्ने।

३५. विदेशमा रहेका नेपालीहरूलाई प्रदान गर्ने सेवासुविधा सम्बन्धमा नेपाल सरकारका सम्बद्ध निकायहरू र विदेशस्थित नेपाली नियोगहरूसँग आवश्यक समन्वय गर्ने ।

३६. विदेशमा रहेका नेपालीहरूलाई नेपालको आर्थिक कूटनीतिको महत्त्वपूर्ण अङ्गको रूपमा परिचालन गर्ने।

३७. गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६४ तथा गैरआवासीय नेपालीसम्बन्धी नियमावली, २०६६ अनुरूप अन्य कार्यहरू गर्ने ।

३८. विदेशमा रहेका नेपालीहरूको हकहितको संरक्षण गर्नको लागि आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गराउने।

**मन्त्रालय अन्तर्गतका निकायका कामहरू:**

**क) राहदानी विभागः**

राहदानी विभागका काम, कर्तव्य र अधिकार एवं पछिल्ला गतिविधिहरूबारे सो विभागको वेबसाइट: http://nepalpassport.gov.np/ मा हेर्न सकिने छ ।

**ख) कन्सुलर सेवा विभागः**

कन्सुलर सेवा विभागका काम, कर्तव्य र अधिकार एवं पछिल्ला गतिविधिहरूबारे विस्तृतरूपमा सो विभागको वेबसाइट: https://nepalconsular.gov.np/np/ मा हेर्न सकिने छ ।

**ग) सम्पर्क कार्यालय वीरगञ्जः**

वीरगञ्जस्थित भारतीय महावाणिज्यदूतावाससँग सम्पर्क र समन्वय गर्ने, भारतीय सीमावर्ती प्रशासनसँगको समन्वयमा नेपालको आर्थिक र सामाजिक विकासमा दुई देशबीच हुनसक्ने सहयोग विस्तार एवम् आफ्नो क्षेत्राधिकारअन्तर्गत रही कूटनीतिक अनुगमन गर्ने र सोको प्रतिवेदन मन्त्रालयलाई दिने जिम्मेवारी प्रदान गरी नेपाल सरकारले यस कार्यालयको स्थापना गरेको हो ।

**घ) परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानः**

नेपालको परराष्ट्र नीति, परराष्ट्र सम्बन्ध र कूटनीतिका बारेमा मन्त्रालयलाई सुझाव र सल्लाह दिने, समसामयिक विषयमा सेमिनार, तालीम र प्रशिक्षण आदि सञ्चालन गर्ने, अध्ययन, अनुसन्धान गर्ने एवम् परराष्ट्र सम्बन्ध र अन्तर्राष्ट्रिय सम्बन्ध विषयक प्रकाशनहरू गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ बमोजिम नेपाल सरकारले सन् १९९३ मा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको स्थापना गरेको हो । यस प्रतिष्ठानले नेपालको परराष्ट्र नीति र तत्सम्बन्धी विषयलाई प्राज्ञिक छलफल र विश्लेषण गर्न र नेपाल सरकार र परराष्ट्र मन्त्रालयलाई यस सम्बन्धमा पृष्ठपोषण गर्ने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

### ङ) विदेशस्थित विभिन्न नेपाली नियोगहरूः

विदेशस्थित नेपाली नियोगहरूले नेपालको राष्ट्रिय हित प्रवर्द्धन गर्ने र आवश्यकताअनुरूप Political, Social, Economic, Consular र NRN सम्बन्धी विभिन्न कार्यहरू गर्ने गर्दछन् । नियोगहरूको कार्यको स्वरूप, शैली र प्रक्रियामा केही भिन्नता रहे तापनि समष्टिमा नेपाली नियोगहरूले गर्ने मुख्य मुख्य कार्यहरू देहायबमोजिम रहेका छन्:

- दुई देशबीचको भौगोलिक, ऐतिहासिक, साँस्कृतिक, राजनीतिक, आर्थिक क्रियाकलापहरूका आधारमा कूटनीतिक सम्बन्धका कार्यहरू ।
- बहुपक्षीय सङ्गठन र क्षेत्रीय सङ्गठनमा नेपालको हित, विश्वशान्ति, आपसी सहयोगमा सञ्चालन हुने कार्यहरू ।
- नेपालको आर्थिक विकासमा सहयोग पुर्‍याउने आर्थिक कूटनीतिसम्बन्धी विभिन्न कार्यहरू ।
- नेपालीहरूलाई दिनुपर्ने सार्वजनिक सेवासम्बन्धी कार्यहरूलगायत कन्सुलर प्रकृतिका कार्यहरू ।
- गैरआवासीय नेपालीहरूले देशको हितमा पुर्‍याउनसक्ने सम्भाव्य क्षेत्रको पहिचान र उनीहरूलाई देशले दिएको सहुलियतसम्बन्धी जानकारी गराउने कार्यहरू ।

(नेपाली नियोगहरूसम्बन्धी विस्तृत जानकारी प्राप्त गर्नका लागि सम्बन्धित नियोगहरूको वेबसाइट बुँदा नं. ४ मा राखिएको छ।)

### ४) यस मन्त्रालयबाट प्रदान गरिने विभिन्न सेवाहरूः

मन्त्रालय र विदेशस्थित नेपाली नियोगहरूले प्रदान गर्ने सेवाहरू तोकिएको आफ्नो कार्यक्षेत्रअनुसार रहेको छ । परराष्ट्र मन्त्रालय र यस मातहतका निकायहरूले प्रदान गर्ने सेवाहरू, सो सेवा प्रदान गर्ने शाखा र जिम्मेवार व्यक्ति, सेवा प्राप्त गर्न लाग्ने समय एवम् दस्तुरसमेतको विवरण मन्त्रालय, विभाग र नियोगहरूको वेबसाइटमा प्रकाशित गरिएको छ ।

**मुख्य मुख्य वेबसाइटहरूः**

| S. N | Name of the Institutions | Websites |
|---|---|---|
| 1 | Ministry of Foreign Affairs | www.mofa.gov.np |
| 2 | Department of Passports | www.nepalpassport.gov.np |
| 3 | Department of Consular Services | www.nepalconsular.gov.np |
| 4 | Embassy of Nepal, Australia | www.au.nepalembassy.gov.np |
| 5 | Embassy of Nepal, Bahrain | www.bh.nepalembassy.gov.np |
| 6 | Embassy of Nepal, Bangladesh | www.bd.nepalembassy.gov.np |
| 7 | Embassy of Nepal, Belgium | www.be.nepalembassy.gov.np |
| 8 | Embassy of Nepal, Brazil | www.br.nepalembassy.gov.np |
| 9 | Embassy of Nepal, Canada | www.ca.nepalembassy.gov.np |
| 10 | Embassy of Nepal, China | www.cn.nepalembassy.gov.np |
| 11 | Embassy of Nepal, Denmark | www.dk.nepalembassy.gov.np |
| 12 | Embassy of Nepal, Egypt | www.eg.nepalembassy.gov.np |
| 13 | Embassy of Nepal, France | www.fr.nepalembassy.gov.np |
| 14 | Embassy of Nepal, Germany | www.de.nepalembassy.gov.np |
| 15 | Embassy of Nepal, India | www. in.nepalembassy.gov.np |
| 16 | Embassy of Nepal, Israel | www.il.nepalembassy.gov.np |
| 17 | Embassy of Nepal, Japan | www.jp.nepalembassy.gov.np |

| | | |
|---|---|---|
| 18 | Embassy of Nepal, Republic of Korea | www.kr.nepalembassy.gov.np |
| 19 | Embassy of Nepal, Kuwait | www.kw.nepalembassy.gov.np |
| 20 | Embassy of Nepal, Malaysia | www.my.nepalembassy.gov.np |
| 21 | Embassy of Nepal, Myanmar | www.mm.nepalembassy.gov.np |
| 22 | Embassy of Nepal, Oman | www.om.nepalembassy.gov.np |
| 23 | Embassy of Nepal, Pakistan | www.pk.nepalembassy.gov.np |
| 24 | Embassy of Nepal, Qatar | www.qa.nepalembassy.gov.np |
| 25 | Embassy of Nepal, Russian Federation | www.ru.nepalembassy.gov.np |
| 26 | Embassy of Nepal, Saudi Arabia | www.sa.nepalembassy.gov.np |
| 27 | Embassy of Nepal, South Africa | www.za.nepalembassy.gov.np |
| 28 | Embassy of Nepal, Sri Lanka | www.lk.nepalembassy.gov.np |
| 29 | Embassy of Nepal, Thailand | www.th.nepalembassy.gov.np |
| 30 | Embassy of Nepal, United Arab Emirates | www.ae.nepalembassy.gov.np |
| 31 | Embassy of Nepal, United Kingdom | www.uk.nepalembassy.gov.np |
| 32 | Embassy of Nepal, United States of America | www.us.nepalembassy.gov.np |
| 33 | Embassy of Nepal, Spain | www.sp.nepalembassy.gov.np |
| 34 | Permanent Mission of Nepal to The UN & Other Int'l Organizations, New York | www.nyc.nepalmission.gov.np |
| 35 | Permanent Mission of Nepal to The UN & Other Int'l Organizations, Geneva | www.gva.nepalmission.gov.np |
| 36 | Permanent Mission of Nepal to The UN & Other Int'l Organizations, Vienna | www.vie.nepalmission.gov.np |
| 37 | Consulate General of Nepal, Kolkata | www.ccu.nepalconsulate.gov.np |
| 38 | Consulate General of Nepal, Hong Kong | www.hkg.nepalconsulate.gov.np |
| 39 | Consulate General of Nepal, Lhasa | www.lxa.nepalconsulate.gov.np |
| 40 | Consulate General of Nepal, New York | www.nyc.nepalconsulate.gov.np |
| 41 | Consulate General of Nepal, Jeddah | www.jed.nepalconsulate.gov.np |
| 42 | Consulate General of Nepal, Guangzhou | www.can.nepalconsulate.gov.np |
| 43 | Consulate General of Nepal, Chengdu | https://ctu.nepalconsulate.gov.np/ |

**५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

यस सम्बन्धी जानकारी बुँदा नं. ४ को सम्बन्धित वेबसाइटमा दिइएको ।

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

यस सम्बन्धी जानकारी बुँदा नं. ४ को सम्बन्धित वेबसाइटबाट प्राप्त गर्न सकिने छ ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

यस मन्त्रालयका प्रशासनिक निर्णयहरू सामान्यतया मन्त्रीस्तर र सचिवस्तरबाट हुने गरेका छन् । मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक नीतिगत एवम् अन्य निर्णयको हकमा मन्त्रालयले पेश गरेको प्रस्तावउपर नेपाल सरकार मन्त्रिपरिषदबाटै निर्णयहरू हुने गरेको छ ।

**८) निर्णयउपर उजुरी सुन्ने अधिकारीः**

यस मन्त्रालयको प्रशासनिक कार्यसम्पादनका सम्बन्धमा प्रशासन महाशाखाबाट भएका निर्णय र सूचना अधिकारीबाट भएको कामकारबाही उपरको उजुरी मन्त्रालयका सचिवबाट र अन्य उजुरीहरूको हकमा प्रचलित ऐन, नियममा तोकिएबमोजिम हुने गरेको छ ।

**९) आ. व. २०८०।८१ को चौथो त्रैमासिक (२०८१ वैशाख - असार) मा परराष्ट्र मन्त्रालय अन्तर्गत सम्पादन भएका महत्वपूर्ण कार्यहरुः**

१. मिति २०८१ जेठ २९ देखि असार ५ गतेसम्म सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले स्वीट्जरल्याण्ड र जर्मनीको भ्रमण गर्नुभएको । मिति २०८१ जेठ ३० गते तदनुसार १२ जुन २०२४ का दिन सम्माननीय राष्ट्रपतिले स्वीट्जरल्याण्डका राष्ट्रपति महामहिम श्री भियोला एमहर्डसँग बर्नमा द्विपक्षीय भेटवार्ता गर्नुभएको । जेनेभामा आयोजना भएको अन्तर्राष्ट्रिय श्रम संगठनको ११२ औं वार्षिक सम्मेलनको उच्चस्तरीय सत्र अन्तर्गत Global Coalition for Social Justice को समुद्घाटन समारोहमा प्रमुख वक्ताको रुपमा वक्तव्य दिनुभएको ।मिति २०८१ असार ३ गते तदनुसार १७ जुन २०२४ सम्माननीय राष्ट्रपतिले जर्मनीका राष्ट्रपति महामहिम डा. फ्रयांक वाल्टर स्टाइनमायरसँग बर्लिनस्थित राष्ट्रपति भवनमा द्विपक्षीय भेटवार्ता गर्नुभएको ।

२. मिति २७ जेष्ठ २०८१ (तदनुसार ९ जुन २०२४) मा आयोजना भएको भारतीय प्रधानमन्त्री महामहिम श्री नरेन्द्र मोदीको शपथ ग्रहण समारोहमा सहभागी हुन तात्कालिन प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले २७-२८ जेष्ठ २०८१ (तदनुसार ९-१० जुन २०२४) मा भारतको औपचारिक भ्रमण गर्नुभएको।

३. २०८१ जेठ १२ तदनुसार २५ मे २०२४ का दिन सङ्खुवासभा जिल्लाको किमाथाङ्का पारि चीनको स्वशासित क्षेत्र तिब्बतको छेन्ताङ सहरमा नेपाल र चीनबीचका १४ वटा परम्परागत सीमा व्यापार नाका पुनः सञ्चालनमा ल्याउन आयोजना गरिएको उद्घाटन कार्यक्रममा तात्कालिन उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री श्री नारायणकाजी श्रेष्ठको नेतृत्वमा एक नेपाली प्रतिनिधिमण्डलले चीनको स्वशासित क्षेत्र तिब्बतको भ्रमण गर्नु भएको।

४. मिति २०८१ असार ९-१० (तदनुसार २३-२४ जुन २०२४) सम्म इरानको तेहरानमा आयोजना भएको Asia Cooperation Dialogue (ACD) को १९ औं मन्त्रिस्तरीय वैठकमा नेपालको तर्फबाट तात्कालिन उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री श्री नारायणकाजी श्रेष्ठको नेतृत्वको प्रतिनिधिमण्डल सहभागी भएको ।उक्त बैठकले तेहरान घोषणापत्र जारी गरेको ।

५. गत २९ अप्रिल देखि ०३ मे २०२४ सम्म संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्कमा सम्पन्न 57th Session of Commission on Population and Development मा माननीय उपप्रधानमन्त्री एवम् स्वास्थ्यमन्त्रीको नेतृत्वमा उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलले सहभागीता जनाएको । उक्त सम्मेलनमा नेपालको तर्फबाट National Statement तथा अन्य विभिन्न शीर्षका छलफलमा सहभागिता भएको । सम्मेलनका दौरान महासभाका अध्यक्ष र संयुक्त राष्ट्रसंघका महासचिवलगायतसँग भेटवार्ता समेत भएको ।

६. माननीय उपसभामुख इन्दिरा रानाबाट २०८१ असार १९-२१ (३ देखि ५ जुलाई २०२४) सम्म जनवादी गणतन्त्र चीनको तिब्बत स्वसाशित क्षेत्रको भ्रमण गरी चौथो ट्रान्स-हिमालयन फोरम (4th Trans-Himalayan Forum) मा सहभागिता जनाउनुभएको।

७. इन्डोनेसियामा सम्पन्न भएको 10th World Water Forum मा मा. उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रीको सहभागिताको लागि समन्वय गरिएको।

८. गत २७ देखि ३० मे २०२४ सम्म सेन्ट जोन, एन्टीगुवा तथा बर्बुडा सम्पन्न भएको साना टापु विकासशील राष्ट्रहरूको चौंथो सम्मेलन (SIDS4) मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै श्रीमान् परराष्ट्र सचिवले सहभागीता जनाउनु भएको । भ्रमणका दौरान श्रीमान् परराष्ट्र सचिवले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरस तथा एन्टिगुवा र बर्बुडाका परराष्ट्रमन्त्री लगायतको उच्च पदस्थ पदाधिकारीहरुसंग भेटघाट गर्नु भएको थियो ।

९. सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलको निमन्त्रणामा मित्रराष्ट्र कतारका अमिर शेख तमिम बिन हमाद अल थानीद्वारा मिति २०८१ वैशाख ११ देखि १२ सम्म नेपालको दुईदिने राजकीय भ्रमण गर्नुभएको। सो अवसरमा दुई देशबीच निम्नानुसारका सम्झौता तथा समझदारीपत्रमा हस्ताक्षर भएको :

- राष्ट्रिय समाचार संस्था, नेपाल (रासस) र कतारी समाचार संस्था (क्यूएनए) बीच सहयोग तथा समाचारको आदान प्रदान गर्ने सम्बन्धी सम्झौता
- महान्यायाधिवक्ताको कार्यालय र कतारको पब्लिक प्रोसिक्यूसन अफिस बीच सहयोग सम्बन्धी समझदारी पत्र
- परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र कतारको परराष्ट्र मन्त्रालयको कूटनीतिक प्रतिष्ठान बीच कूटनीतिक तालिम तथा शिक्षाको क्षेत्रमा सहयोग गर्ने सम्बन्धी समझदारीपत्र
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र कतारको संस्कृति मन्त्रालय बीच संस्कृति तथा कलाका क्षेत्रमा सहयोग गर्ने सम्बन्धी समझदारीपत्र
- नेपाल सरकार र कतार सरकार बीच शिक्षा, उच्च शिक्षा र वैज्ञानिक अनुसन्धानको क्षेत्रमा सहकार्य गर्ने सम्बन्धी समझदारीपत्र
- नेपाल सरकार र कतार सरकार बीच युवा तथा खेलकुदको क्षेत्रमा सहयोग गर्ने सम्बन्धी समझदारीपत्र ।
- नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) र कतार चेम्बरबीच दुई निजी क्षेत्रका सम्झौता/एमओयूमा हस्ताक्षर सम्पन्न भएको।)

१०. तात्कालिन उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री श्री नारायणकाजी श्रेष्ठको निमन्त्रणामा मित्रराष्ट्र जापानका परराष्ट्रमन्त्री महामहिम श्री कामिकावा योको (H.E. Ms. KAMIKAWA Yoko) ले २०८१ वैशाख २३ गते (तदनुसार ०५ मे २०२४) नेपाल भ्रमण गर्नुभएको र सो अवसरमा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेल र तात्कालिन प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड सँग शिष्टाचार भेट एवं उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री श्री नारायणकाजी श्रेष्ठसँग द्विपक्षीय बैठक भएको।

११. गणतन्त्र कोरियाको राष्ट्रिय सभा (National Assembly) को संस्कृति, खेलकुद तथा पर्यटन समिति (Culture, Sports and Tourism Committee) का अध्यक्ष (Chairperson) एवं कोरिया-नेपाल संसदीय मैत्री समूहका अध्यक्ष (President of Korea-Nepal Parliamentary Friendship Group) महामहिम श्री सङ-हेयन ली (H.E. Mr. Song-heon Lee) ले १६ अप्रिल २०२४ मा गर्नुभएको नेपाल भ्रमणका क्रममा सम्माननीय राष्ट्रिय सभाका अध्यक्ष श्री नारायण प्रसाद दाहालज्यू, तात्कालिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री डोलप्रसाद अर्याल एवं माननीय युवा तथा खेलकुद मन्त्री श्री बिराज भक्त श्रेष्ठसँग शिष्टाचार भेट गर्नुभएको।

१२. चीन अन्तर्राष्ट्रिय विकास सहायता नियोग (China International Development Cooperation Agency-CIDCA) का अध्यक्ष महमहिम श्री लुओ झाओहुइ (H.E. Mr. Luo Zhaohui) ले २०८१ वैशाख १३-१६ (२५ देखि २८ अप्रिल २०२४) सम्म नेपाल भ्रमण गर्नुभएको र उक्त भ्रमणका क्रममा तात्कालिन प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड', माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री नारायणकाजी श्रेष्ठ एवं माननीय अर्थमन्त्री श्री वर्षमान पुनसँग शिष्टाचार भेट गर्नुभएको।

१३. जनवादी गणतन्त्र चीनको चिनियाँ जनताको राजनीतिक परामर्श सम्मेलनका उपाध्यक्ष महामहिम श्री बाटेर (Vice Chairman of National Committee of the Chinese People's Political Consultative Conference H.E. Mr. Bateer) को नेतृत्वको चिनियाँ प्रतिनिधिमण्डलबाट २०८१ जेठ २३-२५ (५-७ जुन २०२४) सम्म सम्पन्न नेपाल भ्रमणको क्रममा सम्माननीय उपराष्ट्रपति श्री रामसहाय प्रसाद यादव, तात्कालिन प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड', उपप्रधान तथा परराष्ट्र मन्त्री श्री नारायणकाजी श्रेष्ठ एवं माननीय उपसभामुख श्री इन्दिरा रानासँग शिष्टाचार भेट भएको।

१४. जनवादी गणतन्त्र चीनको सर्वोच्च जनअदालतको न्यायिक समितिका पूर्णकालीन सदस्य एवं न्यायाधीश महामहिम श्री लिउ गुइजियाङ (H.E. Mr. Liu Guixiang, Justice and Full-time Member of the Adjudication Committee of the Supreme People's Court of the People's Republic of China) ले २०८१ असार २-५ (१६ देखि १९ जुन २०२४) मा गर्नुभएको नेपाल भ्रमणको क्रममा सम्माननीय प्रधानन्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठज्यू एवं माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री पदम गिरीसँग भेटवार्ता गर्नुभएको।

१५.जनवादी गणतन्त्र चीनको सिचुवान प्रान्तका उप-गभर्नर एवं सार्वजनिक सुरक्षा विभागका आयुक्त महामहिम श्री ये हानबिङ (Vice Governor and Commissioner of Public Security Department H.E. Mr. Ye Hanbing) को नेतृत्वको प्रतिनिधिमण्डलबाट २०८१ असार ४-६ (१८ देखि २० जुन २०२४) सम्म सम्पन्न नेपाल भ्रमणको क्रममा तात्कालिन उपप्रधान तथा गृहमन्त्री श्री रवि लामिछाने

र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख श्री हुतराज थापासँग शिष्टाचार भेट एवं गृह सचिव श्री एकनारायण अर्यालसँग प्रतिनिधिमण्डलस्तरमा द्विपक्षीय वार्ता भएको।

१६. सर्वियाका उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीका विशेष दूत तथा State Secretary of the Ministry of Foreign Affairs of Republic of Serbia H.E. Mr. Goran Aleksic ले नेपाल भ्रमण गर्नुभई उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री र श्रीमान् परराष्ट्र सचिवसँग भेटवार्ता गर्नुभएको ।

१७. नेपाल-चीन कूटनीतिक परामर्श संयन्त्रको १६ औं बैठक २०८१ असार ११ (२५ जुन २०२४) मा काठमाडौंमा सम्पन्न भएको। उक्त बैठकमा नेपाल र चीनका परराष्ट्र सचिवहरूले आ-आफ्नो प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएको । उक्त बैठकमा नेपाल चीन सम्बन्धका समग्र आयामहरूमा छलफल एवं विचार आदानप्रदान भएको। साथै, सो अवसरमा चिनिया विदेश सचिवले सम्मानानीय राष्ट्रपति श्री रामचन्द्र पौडेल, प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्ड', उपप्रधान तथा परराष्ट्र मन्त्री श्री नारायणकाजी श्रेष्ठसँग शिष्टाचार भेट गर्नु भएको।

१८.नेपाल-बङ्गलादेश विदेश सचिवस्तरीय परामर्श संयन्त्रको ५ वैशाख २०८१ (तदनुसार १७ अप्रिल २०२४) मा सम्पन्न भएको तेस्रो चरणको बैठकको सिलसिलामा बङ्गलादेशका विदेश सचिव श्री मसूद बिन मोमेनले ४ देखि ६ वैशाख २०८१ (तदनुसार १६-१८ अप्रिल २०२४) सम्म नेपालको भ्रमण गर्नु भएको। उक्त बैठकमा व्यापार तथा वाणिज्य, पारवाहन तथा कनेक्टिभिटी, विद्युत तथा उर्जा क्षेत्र, पर्यटन, संस्कृति तथा शिक्षा लगायत द्विपक्षीय सम्बन्धका विभिन्न विषयहरुमा छलफल भएको। यसका अतिरिक्त सार्क तथा बिमस्टेकमा सहकार्य, संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय मञ्च तथा अन्य आपसी हितका विषयमा समेत सहकार्य गर्ने विषयमा छलफल भएको।

१९.नेपाल-फिनल्याण्ड द्विपक्षीय परामर्श संयन्त्रको दोस्रो बैठक २०८१ जेठ २३ तदनुसार ५ जुन २०२४ मा काठमाडौंमा आयोजना भएको । नेपाली पक्षको नेतृत्व युरोप अमेरिका महाशाखा प्रमुख श्री गणेशप्रसाद ढकालले तथा फिनल्याण्ड पक्षको नेतृत्व त्यहाँको परराष्ट्र मन्त्रालयका Under Secretary of State, Mr. Hellman Pasi ले गर्नुभएको ।

२०. बिमस्टेकका महासचिव महामहिम श्री इन्द्रमणि पाण्डे (H.E. Indra Mani Pandey) १९-२२ मे २०२४ मा नेपालको भ्रमण गर्नुभएको । उक्त भ्रमणको दौरान महामहिम महासचिवज्यूले सम्मानानीय राष्ट्रपति, सम्मानानीय प्रधानमन्त्री, माननीय परराष्ट्र मन्त्री लगायत उच्च पदस्थ अधिकारीहरुसँग शिष्टाचार भेटघाट गर्नुभएको । साथै, त्रिभुवन विश्वविध्यालयको Centre for Economic Development and Administration (CEDA) ले Harnessing Regional Synergies for Development and Prosperity in BIMSTEC Region विषयमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा Key- Note Speaker को रुपमा आफ्नो विचार राख्नुभएको ।

२१. नेपाल र चीनबिच सीमा सम्बन्धी संयुक्त विशेषज्ञ समूह (Joint Expert Group) को बैठक २०८१ असार ४-५ (१८-१९ जुन २०२४) सम्म चिनियाँ पक्षको आयोजनामा बेइजिङमा सम्पन्न भएको। परराष्ट्र मन्त्रालयका प्रतिनिधि सम्मिलित नेपाली प्रतिनिधिमण्डलको नेतृत्व नापी विभागका महानिर्देशकले गर्नुभएको।

२२. प्यालेस्टाइनलाई संयुक्त राष्ट्र संघको पूर्ण सदस्य बनाउने सम्बन्धी रिजोलुसनमा समर्थन गर्न नेपालको स्थायी नियोग, न्यूयोर्कलाई आवश्यक निर्देशन दिइएको ।

२३. मिति ३० अप्रिल देखि ०३ मे सम्म काठमाण्डौमा UNDP Annual Regional Management Meeting of the Asia and the Pacific आयोजना भएको । उक्त बैठकमा भाग लिन आउनु भएकी संयुक्त राष्ट्रसंघका Assistant Secretary General तथा UNDP Director of the Regional Bureau for Asia Ms. Kaniya Kumari Wignaraja ले सम्माननीय प्रधानमन्त्री, माननीय उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री, माननीय अर्थमन्त्री तथा श्रीमान् परराष्ट्र सचिवलगायतसँग शिष्टाचार भेट गर्नुभएको । माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्रीज्यूले ३० अप्रिलमा उक्त बैठकको उद्घाटन सत्रलाई सम्वोधन समेत गर्नु भएको । जलवायु परिवर्तनको प्रत्यक्ष असरको अवलोकन गर्न सगरमाथा क्षेत्रमा रहेको इम्जा हिमतालको समेत भ्रमण गर्नुभएको ।

२४. गत २८ मे २०२४ मा सिउल, दक्षिण कोरियामा सम्पन्न भएको एक दिने Asia Pacific Regional Consultation on 2025 Review of the Peacebuilding Architecture मा संयुक्त राष्ट्रसंघ महाशाखा प्रमुख श्री अमृतबहादुर राईको नेतृत्वमा नेपालले सक्रिय सहभागिता जनाएको । उक्त Consultation मा National Statement दिनुका साथै कार्यक्रममा सहभागी एसिया-प्यासिफिक क्षेत्रका नेपाल सहित १५ राष्ट्रका प्रतिनिधिहरूसँग आगामी २०२५ मा हुने Review of the Peacebuilding Architecture का सम्बन्धमा छलफल भएको । नेपाल हाल Peace Building Commission(PBC) को सदस्य पनि रहेको सन्दर्भमा नेपालको उपस्थिति महत्वपूर्ण रहेको ।

२५. बिमस्टेक सदस्य राष्ट्र भारतको नयाँ दिल्लीमा ११-१२ जुलाई २०२४ मा आयोजना भएको Second Retreat of the Foreign Ministers of the Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation(BIMSTEC) मा परराष्ट्र सचिवस्तरमा सहभागिता जनाइएको ।

२६. भुटानको थिम्पुमा २३-२४ अप्रिल २०२४ मा आयोजना भएको First Meeting of the BIMSTEC Inter-Governmental Expert Group on Mountain Economy (IEG-ME) मा श्री वन तथा वातावरण मन्त्रालयबाट सहभागिता जनाइएको । सो बैठकले Terms of Reference of IEG-ME र Concept Note and Plan of Action on BIMSTEC Mountain Economy लाई अन्तिम रुप दिएको ।

२७. गत २५ अप्रिल २०२४ मा भर्चुअल माध्यमद्वारा बङ्लादेशमा आयोजना भएको Workshop on Financing of Transport Infrastructure Projects in BIMSTEC Region मा श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अधिकारीहरु सहभागी हुनुभएको ।

२८. गत २४-२७ जुन २०२४ मा श्रीलंकाको कोलम्बोमा आयोजना भएको Knowledge sharing event on emerging infectious disease conditions and countries' best practices in the BIMSTEC Region, Tabletop Simulation Exercise and the Asia-Pacific Health Financing Forum (APHFF) मा श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अधिकारीहरु सहभागी हुनुभएको ।

२९. गत २६-२७ जुन २०२४ मा श्रीलंकाको कोलम्बोमा आयोजना भएको Second Meeting of the BIMSTEC Sub-Group on Human Trafficking in Colombo मा श्री गृह मन्त्रालयका प्रतिनिधिहरु सहभागी हुनुभएको । बैठकले Plan of Action to combat Trafficking in Persons in the Bay of Bengal Region' लाई अन्तिम रुप दिएको ।

३०. गत ९-१० जुलाई २०२४ म्यान्मारको याङ्गुनमा भर्चुअल माध्यमद्वारा आयोजना भएको Sixth Meeting of the BIMSTEC Network of Policy Think Tanks (BNPTT) मा त्रिभुवन विश्वविध्यालय (CEDA) बाट सहभागिता जनाईएको ।

३१. गत ५ जुन २०२४ मा भर्चुअल माध्यमद्वारा आयोजना भएको ACD Senior Officials' Meeting मा सहभागी भएको ।

३२. गत २७ मे २०२४ मा भर्चुअल माध्यमद्वारा आयोजना भएको Asia Cooperation Dialogue (ACD) को Expert Group Meeting मा सहभागी भएको ।

३३. गत २० वैशाख २०८१ मा जर्जियाको राजधानी तिब्लिसी (Tbilisi) मा भएको एसियाली विकास बैंकको ५७ औं वार्षिक बैठकका क्रममा सार्क विकास कोष (SAARC Development Fund)को कार्यकारी परिषद् (Governing Council) को सातौं बैठक सम्पन्न भएको । सार्क सदस्य राष्ट्रहरुका अर्थमन्त्री, अर्थ-सचिव तथा अन्य पदाधिकारीहरुको सहभागिता रहेको उक्त वैठकमा सदस्य राष्ट्रहरुमा सञ्चालित परियोजनाको लगानीका मापदण्ड, सार्क विकास कोषको कार्यसञ्चालन ढाँचा तथा अन्य विषयहरुमाथि छलफल भएको । नेपाल सरकारको प्रतिनिधित्व गर्दै अर्थ मन्त्रालयका सम्बन्धित महाशाखाका सह-सचिवले उक्त वैठकमा सहभागिता जनाउनु भएको ।

३४. मिति २०८१ वैशाख १६ र १७ गते सम्पन्न **तेस्रो लगानी सम्मेलनको** लागि आवश्यक समन्वय र सहभागिताको संयोजन गरिएको। सम्मेलनको दोश्रो दिन तात्कालिन उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री श्री नारायणकाजी श्रेष्ठले **'Investment Opportunities in Green and Climate Resilient Businesses in Nepal'** शीर्षकको बिहानी सत्रको अध्यक्षता गर्नुभएको तथा सम्मेलनको अन्तिम सत्रमा समापन सम्बोधन गर्नुभएको।

३५. गत २०८१ जेठ १ गते प्रोफेसर यदुनाथ खनाल प्रवचन श्रृंखलाको तेश्रो संस्करण सम्पन्न गरिएको । उक्त कार्यक्रममा Institute of South Asian Studies, National University of Singapore का प्राध्यापक सी. राजा मोहनले **'Nepal India Relations: Prospects and Pathways'** शीर्षकमा प्रवचन दिनुभएको।

३६. गत २०८१ जेठ १० गते परराष्ट्र मन्त्रालयका कर्मचारी तथा पदाधिकारीहरूको लागि एक दिने ध्यान शिविरको आयोजना गरिएको ।

३७. गत २०८१ जेठ २४ गते सुदुरपश्चिम प्रदेशको धनगढीमा सुदुरपश्चिम प्रदेशको निर्यात तथा लगानी प्रवर्द्धन र पर्यटन प्रवर्द्धनमा केन्द्रित भई **प्रदेशस्तरीय आर्थिक कूटनीति सम्बन्धी अन्तर्क्रिया कार्यक्रम** सम्पन्न गरिएको।

३८. गत २०८१ असार १३ गते नेपालका सरकारी तथा निजी क्षेत्रका पदाधिकारीको भौतिक उपस्थिति तथा विदेशस्थित नेपाली नियोगका प्रमुखहरुको भर्चुअल उपस्थितिमा **नेपालको निर्यात र लगानी प्रवर्द्धन**का विषयमा विषयगत प्रस्तुतिसहितको छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको।

३९. गत २०८१ असार १९ गते पूर्व परराष्ट्रमन्त्री, पूर्व परराष्ट्र सचिव र पूर्व राजदूतहरुको सहभागितामा **सगरमाथा सम्वादको तयारीसम्बन्धी छलफल तथा अन्तर्क्रिया** कार्यक्रम सम्पन्न गरिएको।

४०.गत २०८१ असार २१ गते **प्रतिभा प्राप्ति केन्द्र** (Brain Gain Center) लाई क्रियाशील बनाउने सम्बन्धमा जानकारीमूलक प्रस्तुतिसहितको छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको।

४१.परराष्ट्र मन्त्रालयले नेपाल पर्यटन बोर्डसँगको समन्वयमा अन्नपूर्ण दिवसको अवसरमा नेपालका लागि आवासीय राजदूत र नेपालस्थित संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय संघ संस्थाहरूको प्रमुख र निजका पति/पत्नी समेतका लागि २० देखि २२ जेठ २०८१ मा पोखरामा एक रिट्रिट कार्यक्रम आयोजना गरेको। उक्त कार्यक्रममा परराष्ट्रमन्त्री, परराष्ट्रसचिव र परराष्ट्र मन्त्रालय तथा नेपाल पर्यटन बोर्डका पदाधिकारीहरू समेत सहभागी हुनुभएको।

४२. रूसी सेनामा भर्ना भई निधन भएका नेपाली नागरिकको शव यथाशीघ्र नेपाल पठाउन, घाइते लगायतका पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन, नेपालीहरूलाई रूसी सेनामा भर्ती नगराउन र भर्ना गरिएका नेपालीहरूको विवरण उपलब्ध गराउन तथा त्यस्ता नेपालीहरूलाई तत्काल नेपाल फर्काउन कन्सुलर सेवा विभाग, काठमाडौंस्थित रूसी राजदूतावास तथा मस्कोस्थित नेपाली राजदूतावासमार्फत रूस सरकारलाई अनुरोध तथा आवश्यक पहल गरिएको ।

**क. उच्चस्तरीय भ्रमणको तयारी, व्यवस्थापन एवम् समन्वय सम्बन्धी कार्य:**

१. सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलको निमन्त्रणामा कतारका अमिर शेख तमिम बिन हमाद अल थानीले ११ देखि १२ बैशाख २०८१ सम्म गर्नुभएको राजकीय भ्रमणको आवश्यक व्यवस्थापकीय तयारी एवम् समन्वयसँग सम्बन्धित कार्यहरू गरेको ।

२. सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले २९ जेठ देखि ५ असार २०८१ सम्म गर्नुभएको स्वीट्जरल्याण्ड र जर्मनी भ्रमणको व्यवस्थापकीय तयारी एवम् समन्वयसँग सम्बन्धित कार्यहरू गरेको ।

३. प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड" भारतका नवनियुक्त प्रधानमन्त्री श्री नरेन्द्र मोदीको शपथ ग्रहण समारोहमा भाग लिन मिति २७-२८ जेठ २०८१ सम्म गर्नुभएको भारत भ्रमणको

४. जापानी परराष्ट्रमन्त्री श्री कामीकावा योकोले मिति २३ बैशाख २०८१ गर्नुभएको नेपाल भ्रमणको व्यवस्थापकीय तयारी एवम् समन्वयसँग सम्बन्धित कार्यहरू गरेको ।

**ख. ओहोदाको प्रमाणपत्र सम्बन्धी कार्य:** यस अवधिमा निम्नानुसारका आवासीय र गैरआवासीय विदेशी राजदूतले सम्माननीय राष्ट्रपतिसमक्ष ओहोदाको प्रमाणपत्र प्रस्तुत गर्नुभएको। राजदूतहरूले सम्माननीय राष्ट्रपतिसमक्ष आ-आफ्नो ओहोदाको प्रमाणपत्र पेश गर्ने सन्दर्भमा आवश्यक तयारी कार्यहरू पूरा गरी ओहोदाको प्रमाणपत्र पेश गर्ने समारोह सम्पन्न भएको।

| S.N. | Country | Name of the Ambassador-Designate | Credential Ceremony Date |
|---|---|---|---|
| 1. | Republic of Cyprus | H.E. Mr. Evagoras Vryonides | 2081-01-31 |
| 2. | Republic of Lithuania | H.E. Ms. Diana Mickeviciene | 2081-01-31 |
| 3. | Kyrgyz Republic | H.E. Mr. Askar Beshimov | 2081-01-31 |
| 4. | Ireland | H.E. Mr. Kevin Kelly | 2081-01-31 |
| 5. | Republic of Ghana | H.E. Dr. Winfred Nii Okai Hammond | 2081-02-17 |
| 6. | Republic of Bulgaria | H.E. Mr. Nikolay Yankov | 2081-02-17 |
| 7. | Eritria | H.E. Mr. Alem Tsehaye Woldemariam | 2081-02-17 |
| 8. | Republic of Philippines | H.E. Mr. Josel Francisci IGNACIO | 2081-02-17 |

**ग. आवासीय/गैरआवासीय नेपाली राजदूतमा नियुक्ति सम्बन्धी कार्य:**

सम्माननीय राष्ट्रपतिले देहायबमोजमका नेपाली राजदूतहरूलाई विभिन्न देशका गैरआवासीय राजदूत पदमा नियुक्त गर्नुभएको। प्रस्तावित राजदूतहरूको लागि सहमति (Agrément) प्राप्त गर्ने तथा नवनियुक्त राजदूतको ओहोदाको प्रमाणपत्र तयार गर्ने कार्य गरिएको ।

क. कुवेतका लागि नेपालका आवासीय राजदूत श्री घनश्याम लम्साललाई २०८१ साल जेठ ११ गते इराकका लागि समेत नेपालको गैरआवासीय नेपाली राजदूत पदमा नियुक्त गरिएको।

ख. स्वीट्जरल्याण्डका लागि नेपालको आवासीय राजदूत श्री राम प्रसाद सुवेदीलाई २०८१ साल जेठ २८ गते सान मारिनोका लागि समेत गैरआवासीय नेपाली राजदूत पदमा नियुक्त गरिएको।

ग. संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोग, न्यूयोर्कका लागि स्थायी प्रतिनिधि श्री लोक बहादुर थापालाई २०८१ साल जेठ २८ गते गणतन्त्र निकारागुवाका लागि समेत गैरआवासीय नेपाली राजदूत पदमा नियुक्त गरिएको।

घ. गणतन्त्र फ्रान्सका लागि नेपालको आवासीय राजदूत श्री सुधिर भट्टराईलाई २०८१ साल असार २० गते मोनाकोका लागि समेत गैरआवासीय नेपाली राजदूत पदमा नियुक्त गरिएको।

**घ. सैनिक सहचारी (Miitary/Defence Attaché) सम्बन्धी कार्य**

१. यस अवधिमा निम्न व्यक्तिलाई उक्त मुलुकबाट प्राप्त प्रस्ताव बमोजिम नेपालको लागि सैनिक सहचारी (Military/Defence Attaché) का रुपमा परराष्ट्र मन्त्रालयले सहमति प्रदान गरेको।

| S.N. | Name | Position | Country |
|---|---|---|---|
| 1. | Colonel Daniel Paul Bader | Defence Attaché | Switzerland |
| 2. | Colonel Jesus Morado Pacheco | Deputy Military Attaché | Mexico |
| 3. | Colonel Mariusz Adam Pyrzyk | Defence, Military, Naval and Air Attaché | Republic of Poland |
| 4. | Colonel Dan Maurice Rex | Defence Attaché | United Kingdom |
| 5. | Colonel Venkatachalam Subramaniam | Defence Attaché | Republic of India |

**ङ. अवैतनिक वाणिज्यदूत सम्बन्धि कार्यः**

१. यस अवधिमा निम्न व्यक्तिहरूलाई नेपाल सरकारले अवैतनिक वाणिज्यदूत पदमा नियुक्त गरेको।

| S.N. | Name | Designation | Country/Consular District |
|---|---|---|---|
| 1. | Ms Helen Campos | Honorary Consul | Singapore city, Singapore |
| 2. | Mr. Nadav Ben Yehuda | Honorary Consul | Rehovot city, Israel |
| 3. | Mr. Pralhad Bahadur K.C. | Honorary Consul | Massachusetts State, USA |
| 4. | Mr. Y.V. Gusev | Honorary Consul | St. Petersburg, Russian Federation |
| 5. | Mr. Nirajan Gauli | Honorary Consul | Victoria State, Australia |
| 6. | Mr. Sanjeev Kumar Sharma | Honorary Consul | New South Wales, Australia |

**१०) सूचना अधिकारी र प्रमुखको नाम र पदः**

- कार्यालय प्रमुखः श्री सेवा लम्साल, परराष्ट्र सचिव
- सूचना अधिकारीः श्री ऋषिराज आचार्य, उपसचिव

**११) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- राहदानी ऐन, २०७६
- विदेशी राज्य र कूटनीतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन, २०२७

- गैर आवासीय नेपालीसम्बन्धी ऐन, २०६४
- गैर आवासीय नेपालीसम्बन्धी नियमावली, २०६६
- राहदानी नियमावली, २०७७
- राहदानी निर्देशिका, २०६७
- नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरू, २०६८
- अवैतनिक वाणिज्यदूतसम्बन्धी नियमावली, २०३९
- कूटनीतिक आचारसंहिता, २०६८
- आर्थिक कूटनीतिसम्बन्धी कार्यक्रम निर्देशिका, २०७१
- विदेशस्थित नेपाली नियोगमा काम गर्ने स्थानीय कर्मचारी व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७२
- परराष्ट्र मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय तथा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूको बेरुजु फछ्यौंट कार्यविधि, २०७२
- परराष्ट्र मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय तथा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूको आन्तरिक नियन्त्रण कार्यप्रणाली निर्देशिका, २०७२
- विदेशस्थित नेपाली नियोगको सार्वजनिक खरिद कार्यविधि, २०७३
- राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५
- विदेशस्थित नेपाली नियोगको आर्थिक कार्यविधि, २०७९

**१२) आर्थिक वर्ष २०८०।८१ को विनियोजित बजेटसम्बन्धी अद्यावधिक विवरणः**

| सि.नं. | निकाय | शीर्षक | ब.उ.शी.नं. | वार्षिक बजेट (विनियोजित) (रु हजारमा) | असार मसान्तसम्मको खर्च (रु हजारमा) |
|---|---|---|---|---|---|
| १ | परराष्ट्र मन्त्रालय | चालु | ३२६०००११३ | २,६८,०५,१२ | २,६३,२५,२२ |
| २ | परराष्ट्र मन्त्रालय | पुँजीगत | ३२६०००११४ | १३,७५,०० | ७,४६,९४ |
| ३ | विदेशस्थित नेपाली नियोगहरु | चालु | ३२६०००१२३ | ४,०२,०३,१५ | ३,७५,३३,१२ |
| ४ | विदेशस्थित नेपाली नियोगहरु | पुँजीगत | ३२६०००१२४ | २८,६९,०० | १२,३०,११ |

**१३) अघिल्लो आर्थिक वर्षमा मन्त्रालयले गरेको कार्यक्रमको विवरणः**

यस सम्बन्धी विवरण बुँदा नं. ९ तथा मन्त्रालयको वार्षिक प्रतिवेदनमा उल्लेख भए बमोजिम।

**१४) वेबसाइट भए सोको विवरणः**

परराष्ट्र मन्त्रालयको वेबसाइटः **http://mofa.gov.np/**

ट्विटरः **http://twitter.com/MofaNepal/**

मन्त्रालय अन्तर्गतका अन्य निकायहरूको वेबसाइटको विवरण बुँदा नं. ४ मा उल्लेख गरिएको ।

**१५) मन्त्रालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरणः**

प्राप्त नभएको ।

**१६) मन्त्रालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**

यस सम्बन्धी विवरण मन्त्रालयको वार्षिक प्रतिवेदन (Report on Nepal's Foreign Affairs) मा उल्लेख हुने । सो प्रतिवेदन मन्त्रालयको वेबसाइटमा राखिने ।

**१७) यस मन्त्रालयमा परेका सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिइएको विवरण:**

यस मन्त्रालयमा प्राप्त सूचना मागसम्बन्धी निवेदन उपर तदारुकताकासाथ कार्यवाही गरी सम्बन्धितलाई यथाशीघ्र सूचना उपलव्ध गराउने गरिएको। साथै, ईमेल तथा टेलिफोनबाट समेत माग भए अनुरुप सूचना प्रवाह गर्ने गरिएको।

**१८) मन्त्रालय र यसअन्तर्गतका निकायहरूको सूचना प्रकाशन:**

परराष्ट्र मन्त्रालय र यस मातहतका निकायहरूले महत्त्वपूर्ण सूचनाहरू मन्त्रालयको वार्षिक प्रतिवेदन र द्वैमासिक बुलेटिन तथा प्रेस विज्ञप्ति, पत्रकार सम्मेलन, प्रिन्ट मिडियाहरू एवम् आ-आफ्ना वेबसाइट मार्फत प्रकाशन गर्दै आएका छन् । सो सम्बन्धी विस्तृत जानकारी बुँदा नम्बर ४ मा दिइएका वेबसाइटहरूबाट लिन सकिन्छ ।

***